# खण्ड १

# वातावरणीय न्याय तथा समन्याय अवधारणा तथा सिद्धान्तहरू

यस खण्डमा वातावरणीय न्याय तथा समन्यायसम्बन्धी अवधारणा र सिद्धान्तहरूसँग सम्बन्धित चार वटा लेख समावेश छन् । मुख्यतः मार्टिन चौतारीको वातावरणीय न्याय अनुसन्धान तथा पैरवी कार्यक्रमको सन्दर्भमा यी लेख तयार पारिएका हुन् । यिनमा वातावरणीय न्याय तथा समन्यायको परिभाषा, ऐतिहासिक विकासक्रम, सैद्धान्तिक पक्षहरू तथा व्यवहारिक प्रयोगका पक्षहरू समेटिएका छन् ।

वातावरणीय न्याय तथा समन्यायको अवधारणा मानिसको दैनिक जीवनसँगै गाँसिएको छ । यसले प्रत्येक व्यक्तिको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको संरक्षण गर्दछ । प्रदूषणको ठूलो भार गरिब, शक्तिहीन, पीडित, शोषित, अल्पसङ्ख्यक जाति/जनजाति, वर्ग, क्षेत्र, देशहरूले बेहोर्नु परिरहेको सन्दर्भमा वातावरणीय न्याय तथा समन्यायले त्यो परिस्थिति परिवर्तन गर्न जोड दिन्छ । 'वातावरणीय न्याय तथा समन्याय' प्रचलित 'वातावरणवाद'भन्दा भिन्न यहाँ समावेश लेखहरूले देखाउँछन् । वातावरणवादले साधारणतया मानिसका समस्याभन्दा वातावरण संरक्षणलाई नै बढी ध्यान दिन्छ, तर वातावरणीय न्याय तथा समन्यायले वातावरणको संरक्षणबाट कसलाई फाइदा वा हानि हुन्छ भन्नेतर्फ ध्यान दिन्छ ('वातावरणवाद'बारे खण्ड ४ मा थप चर्चा गरिएको छ) ।

पहिलो लेखमा वातावरणीय 'न्याय तथा समन्याय'को सैद्धान्तिक लेखाजोखा तथा ऐतिहासिक पृष्ठभूमिको चर्चा गरिएको छ । अहिले विश्वका गरिब, शक्तिविहीन देश/क्षेत्र/समूहहरूले भोग्नु परिरहेको वातावरणीय समस्याहरूका उत्पत्तिका कारण तथा ती समस्याको बोझ विशेष ठाउँ/समूहमा पर्ने कारणहरू बुझ्न 'वातावरणीय न्याय तथा समन्याय'को अवधारणाले सहयोग पुऱ्याउँछ । यो अवधारणाको ऐतिहासिक विकास-क्रमलाई हेर्दा वातावरणीय न्याय वातावरण संरक्षण गर्नभन्दा पनि वातावरणीय समस्याबाट पीडित समूहले समस्याको समाधान खोज्न गरेको मानव अधिकाररूपी आन्दोलनको उपज मान्न सकिन्छ । द्रुतगतिमा बढिरहेको विश्वव्यापीकरणले वातावरणीय न्यायमा पारेको/पार्ने असरको सैद्धान्तिक विवेचना पनि यो लेखमा गरिएको छ (वातावरणीय संरक्षण तथा स्रोतको उपयोग र नियन्त्रणमा विश्वव्यापीकरणले पारेको प्रभावबारे खण्ड ५ र ६ मा विस्तृत बयान गरिएको छ) । विभिन्न सामाजिक, राजनीतिक, आर्थिक तथा वातावरणीय द्वन्द्वहरू संसारभर बढ्दै गएको परिप्रेक्ष्यमा यी द्वन्द्व बढ्नमा वातावरणीय अन्यायले खेलेको भूमिकाको पनि सानो चर्चा गरिएको छ, यस लेखमा ।

वातावरणीय न्याय एउटा जनअभियान हो र वातावरणीय अन्यायहरू हटाउन यस्ता अभियानहरू जरुरी छन् भन्ने तर्क दोस्रो लेखमा गरिएको छ । वातावरणीय अन्यायले गर्दा प्राकृतिक स्रोतमा सीधा भरपर्ने तथा प्रदूषणको मार खप्नुपर्ने समूहहरू विद्रोहमा उत्रेका छन्, र त्यस्ता विद्रोहले आन्दोलनको रूप पनि लिएका छन् । आन्दोलनका उदाहरणसहित जनअभियानहरूको आवश्यकता, सार्थकताको चर्चा गरिएको छ, दोस्रो लेखमा ।

तेस्रो लेखमा वातावरणीय न्याय तथा समन्यायसम्बन्धी अधिकारहरूको र यी अधिकारलाई संरक्षण दिने उपायहरूको सैद्धान्तिक व्याख्या गरिएको छ। विकासशील देशको समस्यालाई दृष्टि दिन यस अवधारणाको उद्देश्य 'जीविकोपार्जन सुरक्षा'मा केन्द्रित हुनुपर्छ भन्ने तर्क यो लेखको छ । समाजको तल्लो तहमा रहेका जीविकोपार्जनसम्बन्धी समस्यालाई वातावरणीय न्यायको समस्याको रूपमा व्याख्या गर्दै ती समस्याको समाधानबाटै 'दिगो जीविकोपार्जन' प्राप्त हुन्छ भन्ने विचार लेखकको छ । यस खण्डको अन्तिम लेखमा वातावरण संरक्षण किन गरिबहरूको चासोको विषय हुन्छ र स्रोतको संरक्षण र गरिबी निवारण कसरी सँगसँगै लैजान सकिन्छ भन्ने विचार प्रस्तुत गरिएको छ। यस प्रकृयामा वातावरणीय न्यायको स्थिति आवश्यक पर्ने कुरा लेखमा औंल्याइएको छ ।

यो खण्डमा समावेश लेखहरूले सामाजिक संरचना र मानव अधिकारसँग वातावरणीय न्यायको सीधा सम्बन्ध भएको देखाउँछन् । साथै, वातावरणीय लाभ-हानिको वितरण र स्रोतमाथिको पहुँचमा देखिएका समस्याहरू सामाजिक विभेद तथा अन्यायका कारण सृजित हुन् भन्ने पनि प्रष्टिन्छ । मानव अधिकार सुरक्षित भएको स्थानमा वातावरणीय अधिकार संरक्षण हुने तथा अधिकार प्राप्त गर्ने विभिन्न बाटा खुला हुने भएकोले त्यहाँ वातावरणीय न्यायको स्थिति राम्रो हुने देखिएको छ ।

वातावरणीय न्याय पश्चिमी देशको शहरी समस्याहरूको सन्दर्भबाट शुरु भए पनि यसको प्रयोग विकासशील देश तथा ग्रामीण क्षेत्रमा कसरी गर्न सकिन्छ भन्ने बहस यस खण्डका लेखहरूले गरेका छन् । विकासशील देश र ग्रामीण क्षेत्रका मानिसहरू जीवन निर्वाहको लागि प्राकृतिक स्रोतमा सीधा निर्भर हुने भएकोले वातावरणीय न्यायको अवधारणामा यस्ता स्रोतहरूमा सबै वर्ग/समूहको समानुपातिक पहुँच हुनुपर्छ भन्ने तर्क गरिएको छ । वातावरणीय न्यायले जीविकोपार्जन सुरक्षाको अधिकारलाई समेट्नु जरुरी छ । वातावरणीय न्याय/समन्यायको सिद्धान्तअनुसार स्रोतहरूमा गरिबहरूको पहुँच बढाउँदा त्यसले गरिबी घटाउन सहयोग पुग्छ भन्ने तर्क यो खण्डका लेखहरूले गरेका छन् । ♦

# १

# वातावरणीय न्याय तथा समन्याय

**जगन्नाथ अधिकारी**

## वातावरणीय न्याय

स्वच्छ वातावरण मानव जीवनका लागि अपरिहार्य छ । त्यसैले स्वच्छ र सफा वातावरणमा बाँच्न पाउने अधिकारलाई मानवको 'जिउने हक'अन्तर्गत राख्दै त्यस्को प्रत्याभूतिनिम्ति संवैधानिक व्यवस्था पनि गरिएको छ। तर दिनानुदिन बढ्दै गैरहेको प्रदूषणले सो आधारभूत अधिकार हनन् भइरहेको छ । वातावरण प्रदूषणको असर समाजका सबै तह र तप्काका व्यक्तिहरूमा बराबरी वितरण नभई मुख्यतः गरिब, शक्तिविहीन, अल्पसङ्ख्यकहरूले बढी भार खेप्नु परिरहेको छ। समाजको सबै तहमा वातावरणीय ह्रासका असर तथा जोखिमहरू एकैनासले बहन गरिनु र प्राकृतिक स्रोतको उपयोग वा वातावरणीय सुधार तथा संरक्षणबाट प्राप्त फाइदा तथा अवसरहरू पनि न्यायोचित रूपमा वितरण हुनु नै वातावरणीय न्याय हो । वातावरणीय न्यायमा जोखिम तथा फाइदाहरू कुनै पनि वर्ग, वर्ण, रङ्ग, जातजाति, लिङ्ग वा समुदायविशेषप्रति लक्षित हुनुहुँदैन। स्थानीय वा राष्ट्रिय स्तरको नीति नियम तथा विकास कार्यक्रमहरूको निर्धारण, लागू तथा कार्यान्वयन प्रणाली एवं निर्णय प्रकृयामा विनाकुनै भेदभाव सबैको अर्थपूर्ण/समानुपातिक सहभागिता रहनुपर्दछ ।

वातावरणीय न्यायका दुईवटा पक्ष छन्: वातावरण संरक्षण र सामाजिक न्याय । पहिलोले प्राकृतिक वातावरणलाई बुझाउँछ भने दोस्रोले सामाजिक वातावरणलाई । वातावरणीय न्यायले दुवै पक्षलाई उत्तिकै महत्व दिन्छ। अर्थात्, सामाजिक न्याय सहितको वातावरणीय संरक्षण अथवा एउटा सन्तुलित स्थिति नै वातावरणीय न्याय हो । यो सन्तुलित स्थिति मान्य न्यायको सिद्धान्तबाट निर्देशित हुनुपर्छ। यसको लागि सामाजिक, आर्थिक तथा राजनीतिक परिस्थिति पनि अनुकूल हुनु जरुरी छ। वातावरणीय स्रोत–चाहे त्यो जीवन प्रकृयाको लागि चाहिने हावा, पानी, खाद्यवस्तु होस् वा जीविकोपार्जनको

१० जेठ २०६० मा मार्टिन चौतारी र न्याय मञ्चद्वारा काठमाडौंमा आयोजित 'सञ्चार र वातावरणीय न्याय' विषयक अन्तर्क्रिया कार्यक्रममा प्रस्तुत कार्यपत्रबाट उद्धृत ।

लागि आवश्यक वनजङ्गल, नदीनाला, जमिनलगायतका प्राकृतिक सम्पदा हुन्–मा समाजका सबै वर्गको समान हक रहन्छ । निश्चित सीमा तोकी यी स्रोतहरूको न्यायपूर्ण तवरले उपभोग गर्न छुट दिएर सामाजिक न्याय र वातावरणीय संरक्षणका दुइटा पाटाहरूलाई सन्तुलनमा राख्न सकिन्छ ।

## वातावरणीय न्याय/समन्यायको परिभाषाः अन्तर्राष्ट्रिय सन्दर्भ[1]

वातावरणीय न्यायलाई एउटै सर्वमान्य परिभाषामा बाँध्न अझै नसकिएकाले यस क्षेत्रमा कार्यरत विशेषज्ञ र सक्रियकर्ता (एक्टिभिस्ट)हरूमाझ मतैक्य छैन । तैपनि वातावरणीय न्यायको एउटा परिभाषाअनुसार 'वातावरणीय कानून, नियम तथा नीति तर्जुमा, कार्यान्वयन र लागू गर्दा सबै जातजाति, संस्कृति र आयस्तरका व्यक्ति वा समुदायहरूसँग निष्पक्ष, भेदभावरहित एवं समान व्यवहार गर्नु' वातावरणीय न्याय हो । *डिक्सनरी अफ एन्भारन्मेन्टल लिगल टर्म्स*मा पनि यही परिभाषा उल्लेख छ । परिभाषामा उल्लिखित 'निष्पक्ष व्यवहार'ले कुनैपनि समुदाय राजनीतिक वा आर्थिक विपन्नताका कारणले वातावरण प्रदूषण तथा वातावरणीय विभेदपूर्ण भार वहन गर्न बाध्य बनाइनु हुँदैन भन्छ ।

वातावरणीय न्यायले महत्व दिने त्यस्ता सांस्कृतिक मूल्य र मान्यता, नीति नियम, व्यवहार र निर्णयहरू हुन्, जसले दिगो समुदायलाई सहयोग गर्छन्, जहाँ मानिसहरू आफ्नो वातावरण सुरक्षित, उत्पादक र स्वच्छ छ भनेर निर्धक्कसाथ अन्तरक्रिया गर्न सक्छन् र जहाँ मानिसहरूले कुनै वादको अनुभव नगरी आफ्नो उच्च सम्भावनालाई अनुभूत गर्छन् । वातावरणीय न्यायको स्थिति सुदृढ भएमा उपयुक्त पारिश्रमिक र सुरक्षित काम, गुणस्तरीय शिक्षाको लागि विद्यालय तथा मनोरञ्जनका साधनहरू, असल आवास तथा पर्याप्त स्वास्थ्य सुरक्षा, प्रजातान्त्रिक निर्णय प्रकृया र व्यक्तिगत सशक्तिकरणका प्रशस्त सम्भावनाहरू हुन्छन् । त्यहाँ सांस्कृतिक एवं जैविक विविधताको कदर, सम्मान र उच्च मूल्याङ्कन हुने तथा वितरणमूलक न्याय सबल रहेको हुन्छ ।

वातावरणीय समन्यायले[2] वातावरणीय कानूनबाट सबैको समान संरक्षण भन्ने बुझाउँछ । अर्थात् समुदायहरूको जातिगत तथा आर्थिक संयोजनलाई ध्यान नदिई उद्योगहरूको उपयुक्त/उचित स्थानमा स्थापना, विषालु/हानिकारक फोहरहरूको पर्याप्त सफाइ र औद्योगिक प्रदूषणको प्रभावकारी रूपमा नियमन गर्ने गरी भेदभावरहित तवरले वातावरणीय कानूनहरू लागू हुनुपर्दछ भन्ने अवधारणालाई यसले आत्मसात गर्दछ । वातावरणीय समन्यायले स्थानविशेष, क्षेत्र, जात-जाति, थर, रङ्ग र समुदायका

[1] साउन ३०-३१ र भदौ १, २०५९ मा न्याय मञ्चद्वारा धुलिखेलमा आयोजित वातावरणीय न्याय तथा समन्याय विषयमा भएको अन्तर्क्रिया कार्यक्रममा नारायण बेल्बासेद्वारा प्रस्तुत 'वातावरणीय न्याय तथा समन्यायः यथार्थ वा गल्प' कार्यपत्रबाट वातावरणीय न्यायसम्बन्धी केही परिभाषाहरू उद्धृत गरिएको छ ।

[2] सी.सी.ली (C. C. Lee) का अनुसार वातावरणीय दुष्परिणामबाट जाति, वर्ण वा आर्थिकस्तरका आधारमा भेदभाव नगरी सबै व्यक्ति, समूह वा समुदायको समान संरक्षण नै समन्याय हो ।

आधारमा गरिने साधनस्रोतहरूको असमान वितरण/विभाजन, पक्षपातपूर्ण भूमिका र भोग्नुपर्ने प्रदूषणको मारजस्ता कुराहरूमा सरोकार राख्दछ। वातावरणीय न्यायका आधारभूत सिद्धान्तहरू हुन्:

- प्रदूषणबाट मुक्तिको समान संरक्षण ।
- लाभ बाँडफाँड र उचित अंशप्राप्तिको अधिकार ।
- प्राकृतिक स्रोतमा पहुँचको समान अधिकार ।

वातावरणीय न्याय तथा समन्यायले गरिब र असहायका लागि वातावरणीय असुरक्षा कम गर्ने वा समग्र जीवनस्तरमा सुधार गर्ने कुरामा जोड दिन्छ। यसले सामाजिक र वातावरणीय पक्षहरूलाई समाहित गरी मानव जीवनस्तर उकास्न वा सुधार गर्नका लागि दुवैबीचमा सम्बन्ध स्थापना गर्ने अवसर प्रदान गर्दछ।

वातावरणीय समन्याय अचेल वातावरणीय निर्णय प्रक्रियामा महत्वपूर्ण विषयको रूपमा अगाडि आएको छ। अमेरिकामा, खास गरेर समन्यायलाई, वातावरणीय कानूनहरूको कार्यान्वयन गर्दा कम आयस्तर र काला जातिका समुदाय बस्ने क्षेत्र वा बस्तीमा भेदभाव गरी नकारात्मक प्रभाव पारिएको छैन भन्ने सुनिश्चित गर्नका लागि अगाडि ल्याइएको छ। त्यस्ता क्षेत्रमा दुराभावले पहिले नै प्रदूषक उद्योग वा सुविधा स्थापना गरिएको छ अथवा नयाँ प्रदूषकले विद्यमान प्रदूषणमा अझ भार थप गर्दछ भने त्यस्तो अवस्थामा पनि वातावरणीय न्यायले ध्यान दिन्छ। सन् १९९४ मा तत्कालीन अमेरिकी राष्ट्रपति बिल क्लिन्टनले कार्यकारी आदेश १२८९८ जारी गरे जसअनुसार प्रत्येक सरकारी कार्यक्रमको वातावरणीय न्यायको लेखाजोखा हुनु अनिवार्य छ।

## वातावरणीय न्यायको अवधारणाको विकास

मानव समाजमा प्रविधिको विकाससँगै वातावरणीय ह्रासको समस्या र वातावरणीय न्यायसम्बन्धी समस्याको शुरुआत भएको हो। प्राचीन मानव समाजमा वातावरण-लाई बिगार्ने क्षमता थिएन र जनसङ्ख्याको हिसाबले वातावरणमा चाप पनि थिएन। उदाहरणका लागि सरल प्रविधि भएको अवस्थामा एउटा मानिसलाई एउटा रूख काट्न मात्रै केही दिन लाग्थ्यो र सो रूखले नै उसका धेरै (रूखसम्बन्धी) आवश्यकता पूरा हुन्थे। तर अहिले त्यो अवस्था छैन। उन्नत प्रविधिको कारणले एक व्यक्ति/समूह/देशले पनि वातावरणको ह्रास गराउन सक्दछन् र कमजोर वर्ग/समूह/देशमाथि यो ह्रासको बोझ थोपर्न सक्दछन्। साधारणतया धनी तथा शक्तिशाली (राजनीतिक, आर्थिक तथा प्राविधिक रूपमा) देश र समाजहरूले वातावरण बिगार्न तथा वातावरणीय अन्यायको स्थिति सृजना गर्ने क्षमता राख्छन्। अहिले यो व्यवहारमा पनि देखिएको, भोगिएको छ। उदाहरणका लागि हरित गृह (green house) समस्यालाई लिन सकिन्छ जसले गर्दा संसारकै तापमानमा वृद्धि भइरहेको छ। यस्तो हावापानी परिवर्तन (climate

change) गर्ने हरित गृह ग्यास (green house gases) (जस्तोः कार्बनडाइअक्साइड, मिथेन, आदि) उत्सर्जन गर्नमा सीमित धनी देशहरूकै प्रमुख भूमिका छ। तर हावापानी परिवर्तनबाट हुने असरको धेरै भार समुद्र नजिकका र नेपाल जस्ता देशले पनि बेहोर्नु पर्छ। नेपालमा हिमालय शृङ्खला पूर्व-पश्चिम तन्किएकोले तापक्रम वृद्धि हुँदा वनस्पतिहरू माथि जान सक्दैनन् जसले गर्दा वातावरणमा ठूलो समस्या पर्ने देखिएको छ। यहाँको कृषि प्रणालीमा व्यापक तर नकरात्मक असर पार्ने सम्भावना औंल्याइएको छ ।

प्रविधिको विकाससँगै र यसलाई भौतिक विकासमा प्रयोग गरिने क्रमसँगै वातावरणीय अन्यायका स्थितिहरू सृजना भएका थिए। उदाहरणको लागि खानी वरिपरि स्वास्थ्य समस्याहरू देखा परेका थिए। औद्योगिक क्षेत्रको वरिपरि बस्ने मजदुर वर्गको औसत उमेर, शिशु मृत्युदर आदि सूचकाङ्कहरूले उनीहरूको स्वास्थ्य अवस्था कमजोर देखाएका थिए । तैपनि यी अवस्थाहरूलाई विश्लेषण गर्न 'वातावरणीय न्याय'को अवधारणा विकास भएको थिएन ।

वातावरणीय न्यायको अवधारणा विशेषतः वातवारणीय समस्याबाट शुरु भएको नभई नागरिक आन्दोलनबाट शुरु भएको हो। अमेरिकामा शुरु भएको नागरिक अधिकार आन्दोलन (civil rights movement) ले वातावरणको नराम्रो असरबाट मुक्ति हुनुपर्ने अधिकारलाई पनि समेट्न थालेपछि यो अवधारणा शुरु गरिएको हो। सन् १९८२ मा वारेन काउन्टी (जुन कालाजाति मानिने अफ्रिकन-अमेरिकनहरूको बस्ती थियो)मा पीसीबी (poly-chlorinated biphenyl) जस्तो विषाक्त औद्योगिक प्रदूषक थुपार्ने प्रकृया शुरु भयो। त्यसबेला त्यहाँ चलिरहेको नागरिक अधिकार आन्दोलनले उक्त कार्यको विरोध थाल्यो र यसलाई स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको (मानव अधिकारको एक भागको रूपमा) हनन् भएको रूपमा विश्लेषण गऱ्यो । त्यसपछि अमेरिकामा भएको जातीय विभेद र प्रदूषणको सम्बन्धलाई व्याख्या गर्न 'वातावरणीय वर्णवाद' (environmental racism) को अवधारणालाई प्रचलनमा ल्याइयो । यस अवधारणाबाट त्यहाँका काला जातिमा भएको वातावरणीय अन्यायविरुद्ध लड्न सजिलो भएको छ। अमेरिकाका ७५ प्रतिशत प्रदूषणयुक्त उद्योग/क्षेत्र जनसङ्ख्याको केवल १२ प्रतिशत मात्र भएका काला जाति बसोबास गर्ने क्षेत्रमा राखिएको छ ।

यसरी शुरु भएको 'वातावरणीय न्याय'को अवधारणा विकासशील देशमा पनि पुगेको छ । यस अवधारणाबाट देश/देश, क्षेत्र/क्षेत्र वा एउटै समाजभित्र पनि हुने वातावरणीय अन्यायहरूलाई बयान र विश्लेषण गर्न सजिलो भएको छ। तर वातावरणीय न्यायसम्बन्धी समस्याका प्रकृतिहरू विकसित र विकासोन्मुख देशमा फरक छन् । विकसित देशमा अहिलेको पुस्ता पहिलाका पुस्ताहरूले गरेको औद्योगिक तथा अन्य प्रदूषणबाट पनि पीडित छ। त्यहाँ अहिले पनि यस्ता समस्याहरू सृजना भइरहेका छन्।[३]

[३] उदाहरणको लागि अमेरिकाका धेरेजसो रङ्ग-जाति (people of color) – जसअन्तर्गत काला जाति, हिस्पेनिक तथा एसियनहरू पर्छन्– डम्पिङसाइट वा खानीको फोहर थुपारिने क्षेत्रमा बसोबास गर्दछन् ।

र, यी मुख्यतः शहरी क्षेत्र र औद्योगिक विकाससँग सम्बन्धित छन् । तर औद्योगिक विकास प्रारम्भिक अवस्थामा रहेको नेपालजस्तो देशका समस्या अलि भिन्नै प्रकारका छन् । नेपालको शहरी क्षेत्रमा वातावरणीय न्यायसम्बन्धी समस्यामा निकै तीव्रता आए पनि देशका ८६ प्रतिशत मानिस अझै गाउँमै बस्छन् र उनीहरू जीविकोपार्जनको लागि प्राकृतिक स्रोतमाथि निर्भर छन् । वातावरण प्रदूषण मात्रै नभएर स्रोतमाथिको पहुँचले पनि उनीहरूको बाँच्ने अधिकारलाई असर पार्छ, पारिरहेको छ ।

.j.ft fj /0fLo GofoÚclws f/df cfwfl/t (rights based) अवधारणा भएकोले यसले नागरिक अधिकार (civil rights) लगायत अन्य अधिकारहरूको सुरक्षालाई पनि ध्यान दिन्छ। साधारणतया मानव अधिकार संरक्षण भएको ठाउँमा वातावरणीय न्यायको अवस्था पनि राम्रो भएको देखिएको छ । यसकारण वातावरणीय न्यायको स्थिति राम्रो बनाउन निर्णय प्रकृयामा पहुँच, सूचनाको हक, न्यायमा पहुँच तथा अन्य मानव अधिकारको पक्षको पनि सुरक्षा हुनुपर्दछ ।

## वातावरणीय अन्यायको सृजना तथा विकासः सैद्धान्तिक अवधारणा

(...) वातावरणीय अन्याय सृजना गर्नमा ज्ञान (knowledge) र शक्ति (आर्थिक, राजनीतिक, सामाजिक) को असमान वितरणको प्रमुख भूमिका छ। गरिब परिवारहरू ज्ञान र शक्तिको अभावमा सधैं भिरालो जमिन, खोला किनार, आदि जस्ता जोखिमपूर्ण स्थानमा बस्न पुग्छन्। जब भू-क्षय हुन्छ, पहिरो जान्छ या भुइँचालो आउँछ उनीहरू नै सबैभन्दा पहिले पीडित हुन्छन् । वन-विनाश, मरुभूमिकरणलगायत विभिन्न प्राकृतिक प्रकोपमा मात्रै नभएर मानवसृजित प्रकोपमा पनि यही नियम लागू हुन्छ । साधारणतया विषाक्त वा रासायानिक कारखानाको वरिपरि बस्ने गरिब मानिसहरू नै हुन्छन्। त्यहाँबाट हुने नकारात्मक असरहरू तिनै गरिबले भोग्छन्। यस्ता कारखानामा दुर्घटना हुँदा उनीहरू नै पर्छन्, मारमा । तर यस्ता ज्ञान/प्रविधिको आर्थिक लाभ समाजको उपल्लो तहमा पुग्छ । अर्थात् धन समाजको माथिल्लो तहतिर बग्छ तर प्रदूषण समाजको तल्लो तहतिर बग्छ ।

वातावरणीय न्याय/अन्यायको सृजना ज्ञानको उत्पादन (production of knowledge) प्रकृयाले पनि गरेको हुन्छ । वैज्ञानिक अनुसन्धान र प्रविधिको विकास प्रभुत्वशाली समूह/वर्ग/देशको फाइदाको लागि विकास गरिने हुनाले यस्तो ज्ञानले वातावरणीय अन्याय सृजना गर्दछ (दोस्रो खण्डको पहिलो लेख 'वातावरणीय न्यायको लागि शिक्षा'मा यसबारे विस्तृत चर्चा गरिएको छ) । (...)

### *विश्वव्यापीकरणको भूमिका*

अहिले व्यापक रूपमा चलिरहेको विश्वव्यापीकरणको प्रकृयाले गर्दा स्थानीय बासिन्दाको क्रियाकलापमा धेरै टाढा (विश्वका प्रमुख आर्थिक/राजनीतिक केन्द्र) बाट गरिने निर्णयहरूले असर पुऱ्याउन थालेका छन् । तर यी निर्णयकर्ताहरूले उनीहरूको निर्णयबाट भएको

वातावरण विनाशको प्रत्यक्ष असर भोग्नु पर्दैन । अर्कोतर्फ वातावरण विनाशको भार बेहोर्ने समुदायले आफ्नो आवाज निर्णय केन्द्रसम्म पुऱ्याउन सक्दैनन् । यस्तो अवस्थामा वातावरण विनाश र मानवीय शोषण बढी नै रहन्छ अर्थात् वातावरणीय अन्यायको अवस्था सृजना हुन्छ । जबसम्म स्थानीय समुदायलाई पूर्ण रूपमा आफ्नो प्राकृतिक स्रोतको संरक्षण वा उपयोग गर्ने अधिकार प्राप्त हुँदैन तबसम्म यो अवस्था कायमै रहन्छ ।

विश्वव्यापीकरणको प्रकृयाले संसारको आर्थिक व्यवस्थालाई एकीकरण गर्दै लगेको छ । विश्वव्यापीकरणसँग जोडिएर आउने व्यापार उदारीकरण र निजीकरणले गर्दा संसारको अर्थतन्त्रको नियन्त्रण बिस्तारै बहुराष्ट्रिय कम्पनीहरूमा पुगिराखेको छ । स्थानीय स्रोतसाधनहरू यस्ता कम्पनीहरूको नियन्त्रणमा पुगिरहेका छन् । जैविक/आनुवंशिक प्रविधि तथा सञ्चार क्षेत्रमा सन् १९९० को दशकयता भएको अभूतपूर्व विकासले गर्दा बहुराष्ट्रिय कम्पनीहरूको पहुँच र नियन्त्रण क्षेत्र अझ व्यापक भएको छ । प्रविधि र सूचनाका संयन्त्रले गर्दा बहुराष्ट्रिय कम्पनीहरू अन्य क्षेत्रमा नगएरै पनि यहाँका प्राकृतिक तथा अन्य स्रोत नियन्त्रण गर्न सक्छन् । यसकारण बहुराष्ट्रिय कम्पनीहरूलाई अनुपस्थित जमिनदार (absentee landlord) पनि भनिन्छ । उदाहरणका लागि आनुवंशिक प्रविधिबाट उत्पादित बीउहरूलाई लिन सकिन्छ । यस्ता बीउहरू उत्पादन गर्न ठूलो खर्च लाग्ने भएकाले केवल बहुराष्ट्रिय कम्पनीहरू मात्र यो काममा सक्षम देखिएका छन् । यस्ता बीउहरूबाट राम्रो उत्पादन हुन्छ तर किसान आफैँले बीउ पुनः उत्पादन गर्न सक्दैन । विश्वव्यापीकरण र व्यापार उदारीकरणको फाइदा उठाएर यस्ता बीउहरू संसारभर नै व्यापार गर्न पाइन्छ । क्षणिक आर्थिक लोभ तथा सञ्चार माध्यमलाई आफ्नो स्वार्थ पूरा गर्न प्रयोग गरेर यस्ता प्रविधि लागू भइरहेका छन् । कतिपय अवस्थामा भने राजनीतिक शक्तिको प्रयोग गरेर सरकारलाई नै त्यस्ता प्रविधि लागू गर्न बाध्य बनाइन्छ । यस्तो प्रविधिको प्रयोगबाट स्थानीय ज्ञान/सीपमा आधारित प्रविधि नष्ट भइरहेका छन् साथै खाद्य-सुरक्षा तथा जैविक विविधता नष्ट भइरहेको छ ।

विश्वव्यापीकरणसँगै जोडिएर आएको विश्व व्यापार सङ्गठन (World Trade Organisation – WTO) र बौद्धिक सम्पत्ति अधिकार (intellectual property rights)ले गर्दा कृषकहरू अन्ततोगत्वा बहुराष्ट्रिय कम्पनीहरूमा नै पूर्ण निर्भर हुनु पर्दछ । यस्तो निर्भरताले गर्दा कृषकहरूको आफ्नो स्थानीय स्रोत-साधनमा समेत नियन्त्रण घटेको छ । कतिपय साना कृषकहरू यस्तो परनिर्भरता र बजारको उतारचढावसँग समाहित हुन नसकेर खेती गर्ने अधिकार नै गुमाउन थालिरहेका छन् । उनीहरूको पुस्तैनी ज्ञान/सीप र संरक्षित जैविक-विविधताको फाइदा बहुराष्ट्रिय कम्पनीहरूले लिन सफल भइरहेका छन् । जैविक चोरी (bio-piracy)को प्रकोप बढिरहेको छ । उदाहरणका लागि सन् २००० मा संसारभर बहुराष्ट्रिय कम्पनीहरूले ३० अर्ब अमेरिकी डलर बराबरको जडिबुटी (herbal) औषधी बिक्री गरेको देखिन्छ । यी औषधीहरू परम्परागत सीप/ज्ञानको आधारमा नै तयार गरिएका थिए । तर यी सीप/ज्ञान कायम राख्ने समुदायले यो फाइदाबाट वञ्चित हुनुपरेको छ । यस्तै, आनुवंशिक परिवर्तन गरेर

उत्पादित वस्तुको व्यापार सन् २००० मा ५०० देखि ८०० अर्ब अमेरिकी डलरसम्म भएको अनुमान गरिन्छ ।[४] विकसित देशहरूमा जैविक विविधता नष्ट भएकोले आनुवंशिक स्रोत विकासशील देशहरू नै हुन् । र तिनमा पनि यी स्रोत मुख्यतः आदिवासी/रैथाने जाति बसेको ठाउँ हुन् । तर यस्तो व्यापारको फाइदा केवल बहु-राष्ट्रिय कम्पनीले मात्र लिन्छन् ।

विश्वव्यापीकरणको प्रकृयाले शक्ति र ज्ञानमाथिको पहुँचको असमानताबाट सृजित वातावरणीय अन्यायका समस्यामा वृद्धि भएको छ । उदाहरणको लागि विकसित देशले आफ्नो देशबाट अन्य गरिब देशहरूमा फोहर उद्योगहरू (dirty industries) सार्ने प्रचलनमा व्यापकता ल्याएका छन् । यस्ता उद्योग सार्ने प्रकृयामा शक्ति र ज्ञानको प्रभाव भए पनि विश्वव्यापीकरणले यसलाई अझ सघाउ पुऱ्याएको छ । अन्तर्राष्ट्रिय संस्थाहरू जस्तै विश्व ब्याङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष आदिले पनि यस्तो प्रकृयामा सहयोग पुऱ्याइरहेका छन् ।

## *सामाजिक न्यायको भूमिका*

वातावरणीय अन्यायको अवस्था सृजना हुनुमा सामाजिक अन्यायको प्रमुख भूमिका हुन्छ । सामाजिक अन्याय (वर्ग, लिङ्ग, उमेर, जातिअनुसार) भएको ठाउँमा वातावरणीय अन्यायको स्थिति पैदा हुन्छ जसले गर्दा वातावरणको विनाश हुन पुग्छ । वातावरण विनाशले पुनः सामाजिक अन्यायहरू सृजना गर्छ । यसकारण सामाजिक स्थिति र वातावरणीय स्थिति एक-अर्काका परिपूरक हुन् । यस अर्थमा वातावरणीय न्याय एउटा राजनीतिक प्रकृया हुन पुग्दछ ।

वर्गीय तथा अन्य रूपमा असमान समाजमा प्रतिकूल पर्यावरणीय अवस्थाहरू वा यसका असरहरूको बोझ सामाजिक अन्यायको मारमा परेका समुदायमाथि नै थोपरिन्छ । यहि प्रकृयाले गर्दा वातावरणीय वर्गवाद[५] र वर्णवाद[६] जस्ता अवस्थाहरू सृजना हुन्छन् । समाजका प्रतिष्ठित वर्गले राजनीतिक शक्तिको प्रयोग गरी सार्वजनिक सम्पत्तिहरू निजीकरण गर्छन् । यस्तै प्रकारले राजनीतिक शक्तिकै कारणले गर्दा सम्पन्न र शक्तिशाली वर्गले वातावरणीय अन्यायबाट पीडित समुदायका आवाज पनि बन्द वा कम गर्न सक्छन् । शहरहरूमा फोहर फाल्दा देखिने प्रकृया 'मेरो घरछेउमा होइन' (not in my backyard) पनि यही सामाजिक असमानताको उपज हो, जसले गर्दा फोहरहरू गरिब तथा कमजोर वर्गकै घरछेउमा फ्याँकिन्छन्, थुपारिन्छन् ।

[४] यी तथ्याङ्कका स्रोत विभिन्न इन्टरनेट वेबसाइटहरू हुन् ।

[५] वातावरणीय नीतिको त्यस्तो कार्यान्वयन प्रकृया वा परिणाम जसले न्यून आय भएका व्यक्ति, समुदायमाथि असमानुपातिक रूपमा हानिकारक असरको बढी बोझ तथा लाभदायक असर प्राप्त गर्ने कम मौका दिएको हुन्छ ।

[६] वातावरणीय नीतिको त्यस्तो कार्यान्वयन प्रकृया वा परिणाम जसले गरिब वा पिछडिएका, पीडित तथा अल्पसङ्ख्यक जाति (जस्तो रङ्ग, स्थानका आधारमा)माथि असमानुपातिक रूपमा हानिकारक असरहरूको बढी बोझ र लाभदायक असर कम प्राप्त गर्ने मौका दिएको हुन्छ ।

पूँजीवादी आर्थिक/राजनीतिक प्रणालीले माथि उल्लिखित अवस्थालाई बलियो बनाउने हुँदा यसले वातावरणीय अन्यायको अवस्थाको विकासका साथै वातावरण विनाशमा सहयोग पुऱ्याइरहेको छ। पूँजीवाद र विश्वव्यापीकरण (जसले गर्दा थोरै व्यक्ति वा कम्पनीहरूको आर्थिक नियन्त्रण गर्ने शक्ति अभूतपूर्व रुपमा वृद्धि भएको छ)ले गर्दा सार्वजनिक क्षेत्रहरूमा र जनताका आवाजमा अतिक्रमण भएको छ। निर्णयकर्ताहरूले समाजको तल्लो तहबाट आएका आवाजलाई ध्यान नदिने वातावरण सृजना भएको छ । मानवकेन्द्रित र नाफामुखी यो आर्थिक प्रणालीले गैर-मानव प्रकृतिका अन्य पक्षहरूलाई ध्यान दिँदैन, किनभने यस्तो आर्थिक पद्धति केवल मुनाफामा मात्र केन्द्रित हुन्छ। यसले गर्दा वातावरणीय विनाश पनि बढ्दै जान्छ। जबसम्म विविध सार्वजनिक क्षेत्रहरूको विकास गरिँदैन, सहभागी तथा संवादमूलक प्रजातान्त्रिक प्रकृया अवलम्बन गरिँदैन, तबसम्म वातावरणीय न्यायको अवस्था राम्रो हुँदैन ।

नेपाली समाजमा भएका विभिन्न प्रकारका सामाजिक भेदभावका स्वरूप प्राकृतिक स्रोतको उपयोगमा देख्न सकिन्छ । जीवनयापन र खाद्य-सुरक्षाका लागि प्राकृतिक स्रोतहरूको उपयोग गर्ने विभिन्न उपाय पनि सामाजिक उपाय भएकाले सामाजिक भेदभावका स्वरूपहरूको छाप प्राकृतिक स्रोतको व्यवस्थापनमा परेको हो । हाम्रो समाजमा वर्ग, जात, जाति, लिङ्ग वा राजनीतिक शक्ति, आदिको आधारमा भएको विभेदले नै प्राकृतिक स्रोतमा पहुँच पाउन, लाभमा भागिदार हुन, सूचना वा जानकारीमा सरल पहुँच पाउन, नीति निर्माण वा निर्णय प्रक्रियामा सहभागी हुन वा न्याय प्रक्रियामा पहुँच पाउन अप्ठेरो बनाएको छ। यो नै नेपाली ग्रामीण परिवेशमा हुने वातावरणीय अन्यायको प्रमुख मुद्दा हो । सामुदायिक वनमाथिको पहुँच, पर्यटन र राष्ट्रिय निकुञ्जमा भएका अन्यायहरू, शहरी क्षेत्रको फोहर थन्काउने प्रकृयामा भएका अन्यायहरूमा सामाजिक/आर्थिक विभेदको छाप भेटिन्छ (यसबारे थप चर्चा अन्य लेखहरूमा पनि गरिएको छ) । (...)

## वातावरणीय अन्याय र सामाजिक/राजनीतिक द्वन्द्व[७]

विश्वमा भएका प्रायः सामाजिक/राजनीतिक द्वन्द्वहरूको मूल जड वातावरणीय अन्याय हो। प्राकृतिक स्रोतमाथिको नियन्त्रणमा ठूला शक्तिहरूको सफलताले गर्दा वातावरणीय अन्यायहरूको सृजना भएको छ। आफ्ना वरपरका स्रोतहरूमा नियन्त्रण र यस्ता स्रोतबाट फाइदा लिन नसक्ने अवस्थामा स्थानीयवासीहरू आन्दोलित हुन पुग्छन्। शुरु शुरुमा हुने आन्दोलनको स्तर कम चापको (low intensity conflicts) भए पनि यसले पछि ठूलो द्वन्द्व र रक्तपातको रूप लिन्छ। भारतमा भएका विभिन्न आन्दोलनहरू यसका उदाहरण हुन्। सन् १९७० को अन्ततिर भएको आसामको आन्दोलन त्यहाँ रहेको तेल नियन्त्रणका लागि भएको थियो। आसामको तेलबाट अन्य भारतीय शहर र कम्पनीहरूले फाइदा उठाइरहेका

[७] मार्टिन चौतारीमा ६ जेठ २०६० मा डा. विष्णुराज उप्रेतीको 'प्राकृतिक स्रोतमाथिको द्वन्द्व नै हिंसात्मक द्वन्द्वको आधार' विषयक प्रस्तुति र त्यसपछिको छलफलमा आधारित।

थिए जबकि सो क्षेत्रको आर्थिक विकास न्यून थियो र साथै आप्रवासीहरूको चाप पनि बढेको थियो । त्यस्तै ‘झारखण्ड आन्दोलन’ त्यहाँको कोइलालगायत अन्य प्राकृतिक स्रोतमाथि नियन्त्रणसम्बन्धी समस्याबाट सृजित थियो (यसबारे ‘वातावरणीय आन्दोलन’ खण्डमा थप चर्चा गरिएको छ) । यी आन्दोलनहरू शुरुमा कम चापका भए पनि बिस्तारै यिनले राजनीतिक र जातीय रूप लिएका थिए ।

विगत ७-८ वर्षदेखि नेपालमा चलिरहेको रक्तपातपूर्ण माओवादी आन्दोलन विशेषगरी सुदूर र मध्यपश्चिममा चर्किनुलाई पनि वातावरणीय अन्याय कारक भएको ठानिएको छ (भुर्तेल २०६०) । बितेको २५० वर्षमा राज्यको शोषणबाट र सामाजिक अन्यायबाट यो क्षेत्र पीडित छ । गोर्खाली राज्य विस्तारक्रममा कर्णाली क्षेत्र (जुम्ला)का राजाहरूमाथि विजय प्राप्त गरे पनि सो क्षेत्रका राजाहरूले एकीकरणलाई पूर्ण आत्मसात गरेनन् र केही समयसम्म विद्रोह गर्दैरहे । दुःख दिएको निहुँमा केन्द्रीय राज्यले सो क्षेत्रको शोषण मात्र गऱ्यो । त्यहाँको उन्नति, प्रगतिनिम्ति केही गरेन । फलतः सामाजिक अन्यायले वातावरणीय ह्रास र वातावरणीय अन्याय सृजना भएपछि त्यहाँ भोकमरी र चरम गरिबीको स्थिति उत्पन्न भयो । र, यसले गर्दा पनि आन्दोलनलाई मद्दत पुगेको छ । सन् १९८० देखि सो क्षेत्रमा सञ्चालित विकास कार्यक्रम (जुन वैदेशिक सहायताबाट सञ्चालित थिए) ले स्थानीय आम्दानीका स्रोत (जस्तै गाँजा/चरेस)लाई विस्थापित त गरे तर अन्य आम्दानीका स्रोतको विकास गरेनन् । यस्तै प्रकारले त्यहाँ प्राकृतिक स्रोतको दुरुपयोग र भू-क्षयलाई बढावा दिने कार्यक्रमहरू लागू गरिएको थियो जसले वातावरणीय अन्यायको स्थिति सृजना हुनमा भूमिका निर्वाह गरेका थिए ।

नेपालमा अहिले द्वन्द्वको रूपमा देखिएको समस्या शहरी क्षेत्रको फोहर थन्काउनेसम्बन्धी पनि हो । शहरी क्षेत्रमा बढ्दो उपभोगवादी शैलीले फोहरमैलाको निष्कासन अत्यधिक भएको छ । तर त्यसको उचित व्यवस्थापनको अभावमा उत्पन्न समस्याहरूले वातावरणीय अन्यायको स्थिति निम्त्याएको छ । काठमाडौं तथा पोखरा जस्ता ठूला शहरहरूमा फोहरमैलाको थान्को लगाउन छानिएका ‘डम्पिङ साइट’बाट हुने नकारात्मक असरका कारण स्थानीय जनताहरू त्यस्ता कृत्यको विरोधमा उर्लिएका छन् । ती क्षेत्रहरूमा प्लास्टिकविरोधी अभियान, डम्पिङ साइटविरुद्ध प्रदर्शनहरू पनि भएका छन् । शहरी क्षेत्रमा सार्वजनिक जग्गाको अतिक्रमण भएको छ । बढ्दो सवारी साधन तथा अव्यवस्थित रूपमा स्थापित उद्योगहरूले वायु प्रदूषणको समस्या बढाएका छन् । पुग्दो मात्रामा सुरक्षित खानेपानीको अभाव हुनु शहरी क्षेत्रको अर्को समस्या हो । यसले शहरका गरिब तथा सुकुमबासी बस्तीका बासिन्दालाई नै धेरै मार पारेको विभिन्न अध्ययनहरूले देखाएका छन् । त्यस्तै जथाभावी फ्याँकिएका फोहरमैला तथा फोहर पानीले शहरी क्षेत्रका खोलानाला तथा ताल, पोखरीहरूको प्रदूषण तीव्र भएको छ । यस्ता अन्यायले द्वन्द्वलाई बढावा दिन्छन् । यी द्वन्द्वहरू हाल सानो रूपमा (low intensity conflict) भए पनि पछि यिनले ठूलो रूप लिनेछन् ।

## वातावरणीय न्यायका सिद्धान्तहरू

संयुक्तराज्य अमेरिका र विश्वका अन्य देशहरूबाट सन् १९९१ मा वासिङ्टन डीसीमा भेला भएका नेशनल पिपल अफ कलर एनभारन्मेन्ट लिडरशीप समिट (National People of Colour Environment Leadership Summit) का सहभागीले वातावरणीय न्यायका निम्न सिद्धान्त प्रतिपादन गरेका छन्:

- पृथ्वीको पवित्रता र सबै प्रजातिबीचको पारिस्थितिक तथा पर्यावरणीय एकताका साथै पारिस्थितिक विनाशबाट मुक्त रहन पाउने हक ।
- सबैका लागि भेदभाव र पक्षपातरहित परस्पर सम्मान र न्यायमा आधारित नीतिको विद्यमानता ।
- मानव तथा अन्य प्राणीको हितका लागि दिगोपनमा आधारित भूमि तथा अन्य नवीकरणीय स्रोतहरूको नैतिक, सन्तुलित तथा जिम्मेवारीपूर्ण उपयोग ।
- मानवले स्वच्छ हावा, पानी, जमिन र खाद्यपदार्थ पाउनु पर्ने मौलिक अधिकारको हनन् गर्ने खालका आणविक परीक्षणबाट मुक्ति; विषालु तथा हानिकारक पदार्थको उत्खनन, उत्पादन तथा विसर्जन र आणविक परीक्षणबाट विश्वव्यापी संरक्षण ।
- सबै मानिसको राजनीतिक, आर्थिक, सांस्कृतिक र वातावरणीय आत्मनिर्णयको मौलिक अधिकार ।
- सबै प्रकारका विषालु, हानिकारक र रेडियोधर्मी पदार्थबाट मुक्ति र विगत तथा हालका हानिकारक पदार्थका उत्पादकलाई जनताको वातावरण विषमुक्त बनाउन र उत्पादनस्थलमा नै नियन्त्रण गर्नका लागि उत्तरदायी बनाउन कठोर कानूनी संरचनाको व्यवस्था ।
- आवश्यकताको पहिचानदेखि योजना तर्जुमा, कार्यान्वयन, सञ्चालन, मूल्याङ्कन तथा अन्य कार्य गर्दा सबै तहका निर्णय प्रक्रियामा समान साझेदारका रूपमा सहभागी हुने अधिकार ।
- असुरक्षित वातावरण वा बेरोजगारीमध्ये एकलाई रोज्नुपर्ने बाध्यता सृजना नगरी सबै मजदुरको सुरक्षित र स्वच्छ कार्यस्थल वातावरण पाउने अधिकारका साथै घरमै काम गर्नेका लागि पनि वातावरणीय हानिबाट मुक्त रहन पाउने हक ।
- वातावरणीय अन्यायबाट पीडितहरूको पूर्ण क्षतिपूर्तिको अधिकार साथै गुणस्तरीय स्वास्थ्य सेवाको अधिकार ।
- वातावरणीय न्यायविरोधी सरकारी कार्य अन्तर्राष्ट्रिय कानून, मानव अधिकार-सम्बन्धी विश्वव्यापी घोषणापत्र तथा आमहत्याविरोधी संयुक्त राष्ट्र सङ्घीय महासन्धिको उल्लङ्घन हो भन्ने ठहर ।
- सन्धि, सम्झौता, अनुबन्ध तथा दस्तावेजका माध्यमबाट रैथाने जातिको आ-आफ्ना राष्ट्रसँगको प्राकृतिक तथा विशेष कानूनी सम्बन्ध रहेको वास्तविकतालाई मान्यता प्रदान ।

- शहरी तथा ग्रामीण पर्यावरणीय नीतिलाई शहरी तथा ग्रामीण क्षेत्रहरूको प्रकृतिसँग तालमेल मिल्ने गरी सफा तथा पुनर्स्थापना गर्ने नीति लिनुपर्ने र त्यसो गर्दा सबै समुदायको सांस्कृतिक पूर्णताको सम्मान र सम्पूर्ण प्राकृतिक स्रोतसम्म समान पहुँचको व्यवस्था ।
- सुसूचित सहमतिको सिद्धान्तको कडा पालना र कालो वर्णका मानिसलाई प्रजनन, औषधीजन्य तथा खोपको परीक्षण प्रक्रियामा प्रयोग गर्ने कार्यउपर प्रतिबन्ध ।
- बहुराष्ट्रिय कम्पनीका विध्वंशकारी सञ्चालन प्रक्रियाको विरोध ।
- भूमि, मानिस, संस्कृति तथा अन्य प्राणीमाथिको सैन्य कब्जा, दमन र शोषणको विरोध ।
- वर्तमान तथा भावी पिँढीका लागि वर्तमान पुस्ताका अनुभव र विविध सांस्कृतिक मान्यतालाई कदर गर्ने दृष्टिकोणमा आधारित सामाजिक र वातावरणीय पक्ष समेटिएको शिक्षाको आवश्यकता ।
- हरेकले आ-आफ्नो स्तरबाट नै पृथ्वीको कमभन्दा कम स्रोतको उपभोग गरी कमभन्दा कम फोहर गर्ने खालका उपभोग्य सामग्रीको छनोटलाई प्राथमिकता दिनुपर्ने र वर्तमान तथा भावी पिँढीको भविष्यका लागि संसारको प्राकृतिक वातावरणको सुनिश्चितताका लागि हालको विध्वंशकारी जीवनशैलीलाई चुनौती दिँदै पुनः प्राथमिकता निर्धारणका लागि सुसूचित एवं होसियारपूर्ण निर्णय । (...) ♦

# २

# वातावरणीय न्यायका लागि जनअभियान

**जगन्नाथ अधिकारी र शरद घिमिरे**

### न्याय/अन्याय

विकास र वातावरणबारे गत चार दशकदेखि धेरै बहस र छलफलहरू भइरहेका छन्। यस्ता छलफलबाट निस्केका अवधारणाहरूले पनि नेपालको विकास र वातावरण संरक्षणका क्रियाकलापहरूलाई असर पारिरहेका छन्। अहिले विकास र वातावरण संरक्षण परिपूरकको रूपमा मात्र अगाडि बढाउनु पर्ने धारणाअनुसार विभिन्न कार्यक्रमहरूमा जोड दिने गरिएको छ। त्यसको बाबजुद कतिपय विकास कार्यक्रमले वातावरणमा हानि पुऱ्याएका छन्। यसरी सृजित वातावरणीय समस्याले धेरैजसो गरिब वर्ग र अल्पसङ्ख्यक समुदायलाई असर पारिरहेको छ।

अन्तर्राष्ट्रिय स्तरमा यस्ता वातावरणीय समस्याहरूको ठूलो बोझ गरिब तथा कम विकसित राष्ट्रहरूले उठाउनु परिरहेको छ। कुनै पनि देशभित्र वा समाजभित्र वातावरणीय समस्याको ठूलो बोझ गरिब परिवार, अल्पसङ्ख्यक जाति, जनजाति, पिछडिएका समुदाय र गरिब क्षेत्रहरूले बेहोर्नु परेको छ, जसले गर्दा उनीहरूको जीविकोपार्जनका अवसरहरूमा नकारात्मक असर पारिरहेको छ। वातावरणको विनाशलाई पुनर्स्थापन गर्न वा विनाश हुन नदिन विभिन्न कार्यक्रमहरू सञ्चालन भएका छन्। तर यस्ता कार्यक्रमको फाइदा पनि मुख्यगरी धनी तथा शक्तिशाली वर्गले मात्र लिएको देखिएको छ।

माथि उल्लिखित समस्याहरू साधारणतया विश्वव्यापी रूपमा नै देखिएका छन्। जसले गर्दा वातावरणीय न्यायको अवधारणाको विकास भएको छ। यस अवधारणा-अनुसार वातावरणीय प्रदूषणको प्रभाव तथा वातावरण संरक्षणका फाइदाहरू समाजमा समानुपातिक रूपमा वितरण गरिनुपर्दछ। सरकारले यस्तो अवस्था सृजना गर्न विभिन्न सामुदायिक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ जसले गर्दा वातावरणीय अन्यायले पीडित वा पीडित हुनसक्ने समुदाय/क्षेत्र सशक्तिकरण हुनुको साथै

*विकास* १०(२२): ३२-३४, वैशाख-जेठ-असार २०५९ मा प्रकाशित।

विभिन्न प्रकारका अधिकारहरू प्राप्त गर्नको लागि पैरवी र दबाब सृजना गर्न सक्ने शक्ति प्रदान गर्न सकून् ।

वातावरणीय न्यायको प्रकार र प्रकृति विकसित र विकासशील देशहरूमा फरक छ । शहरीकरणले गर्दा विकसित देशका प्राय: नागरिकहरू जीविकोपार्जनको लागि सीधै प्राकृतिक स्रोतमा भर पर्नु पर्दैन । त्यहाँका वातावरणीय अन्यायहरूमा प्रकृतिको संरक्षण नगर्नु, शहरको फोहर तथा हानिकारक वस्तु गरिब वर्ग, अल्पसङ्ख्यक जाति तथा पीडित समुदायको नजिक फाल्नु र कलकारखानाहरू पनि त्यस्तो समुदाय/क्षेत्रको समीपमा राख्नु पर्दछन् । यी असमानता, जुन वास्तवमा समाजमा भएको शक्ति र ज्ञानको असमान वितरणका प्रतीक हुन्, हटाउने नागरिक अधिकार प्राप्त गर्ने अभियानको रूपमा आन्दोलनहरू शुरु भएका थिए । यिनै अभियानहरूबाट वातावरणीय न्यायको अवधारणा विकास भएको हो ।

नेपाललगायत अन्य विकासशील मुलुकहरूमा गरिब वर्ग तथा पिछडिएका जाति/समुदायहरूलाई प्राकृतिक स्रोतहरू जीविकोपार्जनको मुख्य आधार भएका छन् । यहाँ प्रकृतिको भूमिका भनेको यसलाई हेरचाह गर्ने समुदायलाई सेवा (भौतिक वस्तुहरू) पुऱ्याई उनीहरूको जीवनयापनमा वा बाँच्नमा सहयोग पुऱ्याउनु हो । यसकारण, यी देशहरूमा वातावरणीय न्यायले यस्ता सबै आन्दोलन/अभियानहरूलाई समेट्छ जसले त्यहाँका पिछडिएका, अल्पसङ्ख्यक तथा गरिब परिवारहरूको 'जीविकोपार्जन सुरक्षा'मा मद्दत पुऱ्याउँछ । यस उद्देश्यले उत्प्रेरित भएर चलाइएका सम्पूर्ण आन्दोलनहरू वातावरणीय न्यायभित्र समाविष्ट हुन्छन् । जस्तै, स्थानीय बीउ-बिजन बचाउने आन्दोलन, राष्ट्रिय निकुञ्ज वरिपरिका बासिन्दाको निकुञ्जभित्रका स्रोतमा पहुँच बढाउने आन्दोलन, विश्वव्यापीकरणको विरोध, खाद्य-सुरक्षा गराउने आन्दोलन, वैकल्पिक जैविक कृषि आन्दोलन, परम्परागत स्वास्थ्य सेवाको पुनर्जागरण आदि । वातावरणीय न्यायले एकातिर 'जीविकोपार्जन सुरक्षा'मा जोड दिन्छ भने अर्कोतर्फ प्रकृति संरक्षणमा पनि मद्दत पुऱ्याउँछ । यसले प्रकृतिलाई भौतिक वस्तुको रूपमा मात्र हेर्दैन । मानवलाई प्रकृतिको एउटा अभिन्न अङ्गको रूपमा हेर्दछ ।

वातावरणीय न्याय खासगरी गरिब तथा पिछडिएका वर्ग तथा अल्पसङ्ख्यक जाति, जनजातिको स्वास्थ्य तथा अन्य जीविकोपार्जन सुरक्षालाई ध्यान दिने भएकोले यसलाई 'गरिबहरूको वातावरणवाद' पनि भनिन्छ । यसै तथ्यलाई दृष्टिगत गरी आजभोलि खाद्य-सुरक्षा जस्तै वातावरणीय सुरक्षाको अवधारणालाई जोड दिनुपर्ने तर्क अगाडि सारिन्छ । 'खाद्य-सुरक्षा'ले जसरी पर्याप्त गुणस्तर र संस्कृति अनुरूपको खानामाथि प्रत्येक व्यक्तिको पहुँच हुनुपर्छ भन्ने मान्यता राखेको छ त्यस्तै प्रकारले 'वातावरणीय सुरक्षा'को अवधारणाले सुरक्षित र सफा वातावरणमाथि प्रत्येक व्यक्तिको पहुँच हुनुपर्छ भन्ने मान्यता राख्दछ ।

जसरी अहिले खाद्य-सुरक्षालाई विशेष ग्राह्यता दिइएको छ, वातावरण सुरक्षालाई पनि त्यत्तिकै ध्यानु दिनु पर्दछ । तर यी सुरक्षाहरू तबमात्रै सम्भव हुन्छन्, जब

नागरिक अधिकारको पूर्ण सुरक्षा हुन्छ । वातावरणीय न्याय नागरिक अधिकारको अभिन्न अङ्ग हो, तथापि नेपाललगायत कतिपय देशहरूमा यस्ता अधिकार (सामाजिक, आर्थिक, सांस्कृतिक)लाई आधारभूत नागरिक अधिकारको रूपमा दिइएको छैन । तर केही वातावरणसम्बन्धी मुद्दाहरूमा बिग्रँदो वातावरणले बाँच्ने अधिकारमाथि प्रभाव पारेको भन्ने मान्यतामा स्वच्छ वातावरणको अधिकारप्रति न्यायालयहरूको दृष्टि गएको देखिन्छ । नागरिक अधिकारको पूर्ण सुरक्षा भएपछि मात्र वातावरणीय न्याय प्राप्त गर्न मद्दत मिल्छ । धेरैजसो वातावरणको विनाश त्यसबेला भएको छ जब यसबाट नकारात्मक रूपमा प्रभावित जनसमुदायले यसको विरोध गर्न असमर्थ वा शक्तिहीन भएका छन् । त्यसकारण स्वतन्त्र प्रेस, सूचनाको हक, बोल्न पाउने स्वतन्त्रता, स्वच्छ चुनाव, समूहमा आबद्ध हुने अधिकार आदि वातावरणीय न्यायको लागि पनि पूर्व-अवस्था हुन् । यी पूर्व-अवस्थाको अभावमा प्रकृति विनाशबाट पीडित समुदायले आफ्नो आवाज उठाउन पाउँदैनन् र प्रकृतिको विनाश निरन्तर रूपमा चलिरहन्छ । (...)

**अध्ययनले के भन्छन् ?**

मार्टिन चौतारी मार्फत् हामीले नेपालमा वातावरणीय न्याय सम्बन्धमा भएका अध्ययनहरूको एउटा सन्दर्भ ग्रन्थ तयार गर्‍यौं (अधिकारी र घिमिरे सन् २००२) । यी अध्ययनहरूको सङ्ग्रह गर्ने कामबाट के थाहा हुन आएको छ भने 'वातावरणीय न्याय' भन्ने अवधारणा प्रयोग गरेर कुनै पनि अध्ययन नभए पनि वातावरणीय न्यायसम्बन्धी विषयवस्तु विभिन्न अध्ययनले समेटेका छन् । अर्को एउटा चाखलाग्दो निष्कर्ष के देखिएको छ भने जति पनि वातावरणीय अन्यायहरू देखिएका छन् ती सबै यहाँको सामाजिक संरचनामा अन्तरनिहित देखिन्छन् । समाजमा भएका असमानताहरू वातावरणीय अन्यायहरूमा पनि प्रष्ट देखिन्छन् । यसकारण जाति, लिङ्ग, वर्ग तथा राजनीतिक शक्ति जस्ता कारकहरूले वातावरणीय न्यायलाई प्रभाव पारेको देखिन्छ ।

धेरै अध्ययनहरूको निष्कर्षअनुसार सामुदायिक वनको फाइदा अझै पनि समानुपातिक रूपमा वितरण भएको छैन । साधारणतया तल्लो जात भनिँदै आएका दमाइँ, कामी, सार्की आदिलाई वनजङ्गलमा पहुँच प्राप्त भएको छैन । यसै प्रकारले सामुदायिक वनमा सबै परिवारहरूको समानुपातिक लगानी, परिश्रम परेको देखिँदैन । गरिब तथा राजनीतिक शक्तिमा पहुँच नभएका परिवारहरूले सामुदायिक वनमा धेरै परिश्रम खर्च गर्नुपरेको छ । माथिल्लो वर्गले केवल प्रबन्ध र लेखापढीको काम गर्ने भएकाले उनीहरूको धेरै समय खर्च हुँदैन । दक्षता नभएको भनेर गरिब, तल्लो जात तथा महिलाहरूलाई लेखा राख्ने तथा कागजपत्र तयार गर्ने कामको जिम्मा दिइँदैन । वनजङ्गल तथा अन्य सामाजिक कामको निर्णय गर्ने प्रक्रियामा सहभागी हुने अवसरमा पनि प्रशस्त असमानताहरू देखिएका छन् । धेरैजसो अध्ययनले के देखाएका छन् भने गरिब, तल्लो जात तथा महिलाहरूलाई यस्तो निर्णय प्रक्रियामा सहभागी हुन प्रशस्त

बाधा अड्चनहरू हालिन्छन् । कतिपय अवस्थामा वैठक तथा अन्य कार्यहरूको सूचना समेत नदिइएका उदाहरणहरू पाइएका छन् । 'पारदर्शिता' नभएको हुँदा यसबाट धेरै अन्यायहरूको सृजना भएको छ ।

धेरैजसो अध्ययनले देखाएको अर्को समस्या हो, महिलाहरूको समस्या । साधारणतया महिलाहरू वनमा धेरैपटक जानु पर्ने भएकोले, वन हेरालोहरूले उनीहरूलाई शत्रुको रूपमा हेर्ने गरेको देखिएको छ । दाउरा/काठको कटानीमा थोरै समय दिएर र सिँचाइको पालो रातिको समयमा पारेर महिला र केटोकटी मात्र भएका परिवारहरूलाई अप्ठचारो पारिएको विभिन्न अध्ययनले देखाएका छन् ।

स्थानीय सहभागिता बढाउनका लागि विभिन्न परियोजना तथा कार्यक्रमले गाउँका प्रमुख जाति, जनजातिलाई मात्र ध्यान दिएको पनि केही अध्ययनहरूले देखाएका छन् । जस्तै गुरुङ गाउँहरूमा गुरुङहरूलाई मात्र कार्यक्रममा सहभागी बनाउने तथा बाहुन-क्षेत्री समाजमा उनीहरूलाई मात्र सहभागी गराउने र अन्य अल्पसङ्ख्यक जाति, जनजातिलाई सहभागी बनाउन नचाहेको देखिएको छ । धेरैजसो पर्यटन व्यवसाय र खासगरी पर्यावरण-पर्यटन सम्बन्धमा भएका अध्ययनहरूले के देखाएका छन् भने पर्यटन व्यवसायबाट बाहिरी (शहरीया) व्यवसायीले र केही स्थानीय व्यवसायी (साधारणतया धनीवर्ग)ले मात्र फाइदा लिएका छन् । तर यसको नराम्रो असर भने स्थानीय किसान तथा कमजोर आर्थिक स्थिति भएका परिवारहरूलाई परेको देखिएको छ । वन विनाश, खाद्यवस्तु र अन्य उपभोग्य सामग्रीको मूल्यवृद्धि, तथा पश्चिमी उपभोक्तावादको प्रभावले स्थानीय संस्कृतिमा देखिने विकृतिको असर सोझै स्थानीय समुदायमा पर्न जान्छ । गरिब व्यक्तिहरूले भरियाको केही काम पाए तापनि उनीहरूले ठाउँअनुसार ज्याला नपाउने, स्वास्थ्य सुविधा नपाउने जस्ता समस्याहरू बेहोरेका अध्ययनबाट देखिएको छ ।

पर्यटन क्षेत्रको विकास र वन्यजन्तु संरक्षणको दृष्टिले स्थापना गरिएका राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रहरूमा पनि अन्यायहरू भएको कुरा निकुञ्ज र स्थानीय बासिन्दाबीच हुने अन्तरसम्बन्धबारे गरिएका सबैजसो अध्ययनहरूले देखाएका छन् । स्थानीय किसानहरूको बालिनाली तथा घरपालुवा वस्तुहरूमा जङ्गली जनावरबाट हुने नोक्सानी र त्यसबापत निकुञ्जले मुआब्जा नदिनुलाई मुख्य समस्याको रूपमा देखाइएको छ । मौका परे जङ्गली जनावरले मानिसहरूको ज्यान नै लिने हुँदा स्थानीय बासिन्दाहरू सधैँ डर त्रासमा बस्नुपर्ने हुन्छ । पार्क बनाउन वा बढाउनको लागि स्थानीय बासिन्दाहरूलाई जबरजस्ती स्थानान्तरण गराउने र उपयुक्त बसोबास नगराउने समस्या विगतमा धेरै भएका पाइन्छन् । त्यस्तै पार्क वरपरका रैथाने जनजातिहरूलाई पार्कभित्रको स्रोतको प्रयोग गर्न नदिनाले उनीहरूको जीविकोपार्जनमा नै समस्या आएको उदाहरण पनि अध्ययनहरूमा प्रशस्त देखाइएका छन् ।

शहरका वातावरणीय अन्यायका समस्याहरू गाउँका भन्दा भिन्न देखिन्छन् । धेरैजसो अध्ययनहरूले शहरमा फोहरमैलाको व्यवस्थापनमा विभिन्न अन्यायहरू

भएको देखाएका छन् । फोहरमैला सुकुमबासी क्षेत्रमा तथा शहरको वरिपरिको सीमान्त बस्तीहरूमा फ्याँक्ने र त्यसको नकारात्मक असरबारे त्यहाँका बासिन्दालाई पूर्ण सूचना नदिने । त्यस्तै नदीहरूमा फोहर फ्याँक्ने, सफा पिउने पानी सार्वजनिक रूपमा उपलब्ध नगराउने, वायु प्रदूषण र खाद्य पदार्थमा बढ्दो मिसावट र दूषितीकरण-लाई शहरका मुख्य वातावरणीय अन्यायहरूको रूपमा देखाइएको छ ।

## वातावरणीय न्याय कसरी ?

माथिको छलफलबाट के प्रष्ट हुन्छ भने गरिब परिवार, अल्पसङ्ख्यक तथा उत्पीडित वर्ग, जातिहरूको जीविकोपार्जन बढाउने वा सुधार्नेतर्फ हाम्रो वातावरणीय न्याय लक्षित हुनुपर्दछ । ती वर्गहरू जीविकाको लागि प्रकृति वा प्राकृतिक स्रोतहरूमा प्रत्यक्ष रूपमा भर पर्नुपर्छ । यो तथ्य शहरमा पनि लागू हुन्छ, किनभने वातावरण प्रदूषण भएमा गरिब परिवारहरूको स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पर्दछ । यस्ता परिवारहरूसँग प्रदूषणबाट बच्ने र औषधोपचार गर्ने क्षमता हुँदैन । यस्तो अवस्थामा उनीहरूको जीविकोपार्जनमा नकारात्मक प्रभाव पर्दछ ।

वातावरणीय न्याय एउटा जनअभियान हो । र, यो अभियानबाटै दिगो रूपमा प्रकृतिको संरक्षण गरेर वातावरणीय न्यायको उच्चतम अवस्था प्राप्त गर्न सकिन्छ । यस्तो अभियानले कस्तो राजनीतिक-सामाजिक अवस्थाको अपेक्षा गर्दछ भन्नेबारे माथि नै बयान भइसकेको छ । साधारणतया प्रभावित समुदायले वातावरण संरक्षण-सम्बन्धी निर्णय गर्ने अधिकार र अन्य नागरिक अधिकारहरूको पूर्ण सुरक्षा भएमा वातावरणीय न्यायको अवस्था राम्रो हुनसक्छ । यसको लागि सहभागितात्मक र संवादमूलक प्रजातान्त्रिक अभ्यासको आवश्यकता पर्दछ । यस्तो राजनीतिक प्रक्रियामा निर्णयका असरहरू निर्णयकर्ताले नै बेहोर्नुपर्ने तथा समाजको तल्लो तहमा उठेका आवाजहरू निर्णयकर्ताको तहमा सजिलै पुग्ने र यस्ता आवाजलाई महत्व दिने प्रणालीको विकास सम्भव हुन्छ । तर पूँजीवादी प्रणाली र विश्वव्यापीकरणको अवस्थामा यस्तो प्रणाली अवलम्बन गर्न सम्भव देखिएको छैन ।

माथि उल्लिखित अवस्थाको सृजना गर्नु एउटा लामो प्रक्रिया हुन पुग्दछ । तर अल्पकालीन सोचाइ राख्दा, वर्तमानमा सञ्चालन हुने विभिन्न विकासका कार्यक्रमहरू-लाई 'वातावरणीय न्याय'को दृष्टिकोणले उपयुक्त बनाउनु पनि त्यत्तिकै आवश्यक हुन्छ । तलका उपायहरू अवलम्बन गरेमा यस्तो अवस्था सृजना गर्नमा केही सहयोग पुग्छ ।

- परियोजनाले असर पुर्‍याउने ठाउँ/समूहको जातीय तथा आर्थिक संरचनाको अध्ययन गर्ने र स्वास्थ्य र वातावरणीय खतराहरूमा मानिसहरू कसरी प्रभावमा आउँछन् भन्नेबारे तथ्याङ्क/जानकारी सङ्कलन गर्ने ।
- नयाँ योजना/परियोजनाले पार्ने प्रभावलाई कसरी सांस्कृतिक, सामाजिक, व्यवसायिक, ऐतिहासिक तथा आर्थिक कारकहरूले बढावा दिन सक्छन् भन्नेबारे अध्ययन गर्ने ।

- नयाँ योजना/परियोजनाले निर्णय प्रक्रियामा जनसहभागिता बढाउने रणनीतिहरू तयार गर्ने ।
- साधारणतया प्रभावित समुदायलाई बढी ध्यान दिने ।
- खराब असरहरू हटाउनको लागि वैकल्पिक उपायहरू सोच्न र पत्ता लगाउन प्रोत्साहन दिने ।
- प्रभावित समूह तथा अन्य व्यक्तिहरूलाई परियोजनाको प्रभावबारे पूर्ण सूचना दिने ।
- जीवन-निर्वाहको लागि गरिने कार्यहरू र वस्तुहरू (माछा, तरकारी आदि) को उपभोगबारे जानकारी लिइराख्ने र विश्लेषण गर्ने । जीवन-निर्वाहको रूपमा प्रयोग गरिने वस्तुलाई नयाँ कार्यक्रमले नकारात्मक प्रभाव पार्नु हुँदैन ।
- कार्यक्रमको योजना गर्ने समयदेखि नै जनसहभागिता जुटाउनु पर्दछ ।
- वातावरणीय प्रभाव अध्ययनको 'डिजाइन' गर्ने बेलामा आर्थिक, सामाजिक रूपले निम्न वर्ग तथा अल्पसङ्ख्यक परिवारहरूको राय-सल्लाह लिनु पर्दछ । र, उनीहरूको सहभागितामा आउने सामाजिक/सांस्कृतिक बाधा-अड्चनहरू हटाउनु पर्दछ । सकेसम्म उनीहरूले बुझ्ने भाषामा र उनीहरूलाई सजिलो पर्ने समयमा उनीहरूको सुनुवाइ हुनुपर्दछ । ♦

# ३

# वातावरणीय न्यायको सैद्धान्तिक संरचना र वातावरणीय अधिकार

**जगन्नाथ अधिकारी**

नेपाली समाजको तल्लो तहका जनताको जीविकोपार्जन प्रत्यक्ष रूपमा प्राकृतिक स्रोतमा निर्भर छ। स्थानीय स्तरमा वातावरणीय न्यायलाई सबल बनाउने शर्तहरू, जस्तैः निर्णय प्रकृया र सूचनामा पहुँच तथा स्थानीय समुदायको आवाज तथा सङ्गठनले नै सर्वसाधारणको जीविकोपार्जनलाई सबल बनाउन सक्ने तर्क यो लेखमा गरिएको छ। दिगो जीविकोपार्जनले मात्र स्रोतको संरक्षणलाई टेवा दिन्छ। नेपालमा भएका केही अध्ययन/अनुसन्धान (तीमध्ये कतिपयमा लेखक स्वयं संलग्न भएको)ले माथिका शर्तहरू पूरा नहुँदा नै स्थानीय तहमा वातावरणीय अन्याय उत्पन्न हुन्छ र समुदायमा पर्यावरणीय लाभ/हानिको वितरणमा विवाद तथा द्वन्द्व निम्त्याउँछ भन्ने कुरा प्रष्ट पार्छन् ।

विकसित/शहरी समाजमा वातावरणीय विनाशका विभेदपूर्ण असरविरुद्ध अमेरिकामा सन् १९८० र ९० को दशकमा चालिएका अभियान/आन्दोलनको क्रममा प्रचलित बनाइएको 'वातावरणीय न्याय'को धारणा हाम्रो जस्तो विकासोन्मुख/ग्रामीण सन्दर्भमा ल्याइँदा सुरक्षित जीविकोपार्जनसँग जोडिन पुगेको छ । विकासशील देशहरूमा भएका पर्यावरणीय विवाद र आन्दोलनका घटनाहरू वातावरणीय न्यायको नाममा भएका थिएनन् । उदाहरणको लागि चितवनका बोटे, माझीको सङ्घर्ष निकुञ्जको सीमाभित्र पारिएको प्राकृतिक स्रोतमा परम्परागत हक कायम गर्नको लागि थियो । छिमेकी भारतका झारखण्डको पर्यावरणीय/राजनीतिक आन्दोलनदेखि 'नर्मदा बचाओ' आन्दोलन, 'चिपको' आन्दोलन तथा बङ्गलादेशको 'नव कृषि' आन्दोलनसमेत वातावरणीय न्यायको नारामा भएका थिएनन् । तर यी आन्दोलन आदिवासीको परम्परागत अधिकार सुरक्षित बनाएर जीवनयापन सजिलो बनाउन र प्राकृतिक स्रोतको संरक्षण गर्न कटिबद्ध थिए । अर्थात् वातावरणीय न्यायको पक्षमा थिए । बढ्दो विश्वव्यापीकरण र ठूला बहुराष्ट्रिय निगमको प्रभावले अर्को वातावरणीय अन्याय बढाएको छ– स्थानीय/गरिब जनताको निर्वाहको प्राकृतिक स्रोतमा नियन्त्रण जमाएर । यो मुद्दालाई पनि जीविकोपार्जन सुरक्षाको दृष्टिबाट हेर्न

थालिएको छ । आधुनिक विश्व व्यापारका जल्दाबल्दा विषयहरू बौद्धिक सम्पत्तिको अधिकार, जैविक चोरी, खेतीबालीका विकासे जात र आनुवंशिक रूपमा रूपान्तरित बीउ-बिजन आदिले पनि वातावरणीय अन्याय बढाउन सघाएका छन् किनभने यी प्रकृयाले प्रभावित हुने समुदायको जीविकोपार्जनलाई सङ्कटमा पुऱ्याएको छ । यस्ता आन्दोलनहरूले गरिबहरू पनि आफ्नो जीविकोपार्जनको कारणले वातावरण संरक्षणमा चासो राख्छन् भनेर देखाउँछन् । यसकारण यस्ता आन्दोलनलाई 'गरिबहरूको वातावरणवाद' पनि भनिन्छ, जुन पश्चिमी समाजको 'भौतिक सुविधापश्चात्को वातावरणवाद' (post-materialist environmentalism) भन्दा फरक छ ।

## वातावरणीय न्याय र वितरण न्याय (Environmental Justice and Distributive Justice)

वातावरणीय न्यायले पर्यावरणीय फाइदा र बोझको समान वितरणको पक्ष लिए पनि यो 'सामाजिक न्यायको वितरण पक्ष' (distributive model of social justice), जसले अहिलेको स्थितिलाई सुधार्न मात्र ध्यान दिन्छ, मा मात्र सिमित रहन्न । वितरणमा सामाजिक न्यायले निरन्तरता पाउन भेदभावबाट पीडित समूहहरू निर्णय प्रकृयामा आउन सक्ने किसिमले विद्यमान सामाजिक-राजनीतिक शक्ति संरचनामा परिवर्तन गरिनुपर्छ अर्थात् निर्णय प्रकृयामा सरल पहुँच नै हुनुपर्छ । पिछडिएका वर्गहरूले आफूलाई प्रभावित पार्ने निर्णय प्रकृयामा पहुँच पाएमा मात्र सामाजिक न्यायले निरन्तरता पाउँछ ।

वातावरणीय न्याय वा अन्याय सृजना हुनुमा विभिन्न प्रकृया/कारकहरू रहे पनि निर्णय-प्रकृयालाई प्रमुख जिम्मेवार मानिन्छ । नीति-नियम बनाउने र यसलाई लागू गर्ने प्रकृयाले वातावरणीय अन्यायको स्थिति पैदा गर्छ । समष्टिमा वातावरणीय अन्यायलाई निम्न समूहमा वर्गीकरण गर्न सकिन्छ ।

***कार्यविधिगत समानता (procedural equity)*** सरकारी नीति-नियम तथा मूल्याङ्कन गर्ने तरिका समान रूपमा वा विभेदरहित तवरले समाजका प्रत्येक समूह तथा क्षेत्रमा लागू गर्नाले कार्यविधिगत समानता प्राप्त हुन्छ । तर साधारणतया यस्तो हुँदैन; नीति-नियमहरू समान रूपमा लागू हुँदैनन् । निर्णय प्रकृयाहरू अपारदर्शी र अप्रजातान्त्रिक हुने, कुनै समूहको सहभागितामा बन्देज लगाइने, सार्वजनिक सुनुवाइ नहुने, भए पनि सुनुवाइ हुने स्थल अपायक ठाउँमा राखिने, सर्वसाधारणले बुझ्न नसक्ने भाषा प्रयोग गरिने, पूर्ण सूचना नदिने, सार्वजनिक सूचना अपायक ठाउँमा राखिने, कुनै विकासे कार्यहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा स्थानीय व्यक्तिहरूको चासो नसमेटिने आदि कारणले गर्दा वातावरणीय अन्यायहरू बढ्दै गएका छन् । नेपालका धेरैजसो विकास र वातावरणसम्बन्धी योजना/कार्यक्रममा त्यस्ता कार्यक्रमले असर पार्ने समूहलाई असरबारे पूर्ण जानकारी दिइन्न (अधिकारी २०५९क) । सशक्त

वातावरणीय प्रशासनको अभावमा पनि कानून/नीतिहरू एकनासले लागू गर्न सकिँदैन र अन्यायको स्थिति पैदा हुन्छ ।

***भौगोलिक समानता (geographical equity)*** वातावरणीय समस्या तथा फाइदाको भौगोलिक रूपमा समान वितरण हुनुपर्छ भन्ने वातावरणीय न्यायको मान्यता हो । उद्योग, व्यवसाय स्थापना गर्दा वा दूषित वस्तुहरू फ्याँक्दा कुन क्षेत्रका कुन समुदायलाई कस्तो असर पर्छ भन्ने तथ्यलाई ध्यान दिनु जरुरी छ। वातावरण दूषित गर्ने उद्योगहरू, स्थानीय रूपमा नरुचाइने भू-प्रयोग जस्तैः ल्याण्डफिल साइट, डम्पिङ साइट, ढल उपचार प्लान्ट, फोहर नष्ट गर्ने भट्टी (incinerator), प्रशोधन केन्द्र, आदि साधारणतया गरिब तथा शक्तिविहीन बस्ती नजिकै हुन्छन् र यसबाट ती स्थानका बासिन्दालाई ठूलो हानि भैरहेको हुन्छ। भौगोलिक समानतामा ध्यान नपुऱ्याउँदा उत्पन्न हुने अवस्था हो यो । धनी देशहरूले गरिब देशहरूमा थुपार्ने रासायनिक तथा आणविक फोहर पनि भौगोलिक असमानता प्रष्ट्याउने वातावरणीय अन्यायकै अर्को उदाहरण हो ।

***सामाजिक समानता (social equity)*** सामाजिक कारकहरू (जस्तो– वर्ण, जात, वर्ग, संस्कृति, जीवन-पद्धति, राजनीतिक शक्ति, लिङ्ग, उमेर)ले वातावरणीय न्यायमा पार्ने असरलाई सामाजिक समानताअन्तर्गत विश्लेषण गरिन्छ। गरिब र शक्तिविहीन व्यक्तिहरू प्रायः खतरापूर्ण रोजगारीमा लागेका हुन्छन् र उनीहरू नै सबैभन्दा दूषित क्षेत्रमा बसोबास गर्छन्। उनीहरूका बालबच्चा पनि दूषित क्षेत्रमै हुर्कन्छन्। उनीहरू सामु क्षुद्र वा अमानवीय रोजाइ दिइन्छ– या उनीहरूले काम पाउँदैनन्, विकास पाउँदैनन् या काम दिइन्छ तर दूषित वातावरणमा र न्यून ज्यालादरमा । बाँच्ने र रोजगारीको आशामा उनीहरू दोस्रो विकल्प रोज्न बाध्य हुन्छन् । गरिबहरूको बाध्यताको फाइदा उठाएर उनीहरूलाई दूषित वातावरणको बोझ लादिन्छ; शोषण गरिन्छ । यस्तो अन्याय गरिब समुदायले, गरिब क्षेत्रले तथा गरिब देशहरूले बेहोर्दै आइरहेका छन् । वातावरणीय न्यायले यस्ता अन्यायविरुद्ध आवाज उठाउँछ ।

वितरणको दृष्टिकोणबाट, वातावरणीय न्याय वातावरणीय समन्याय (environmental equity)को पर्यायवाची रूपमा प्रयोग हुन्छ। यसको मापन दुई प्रकारले हुन्छ– एउटा निकटतामा आधारित (proximity based) र अर्को जोखिममा आधारित (risk based)। पहिलो निकटतामा आधारित तरिकाले वातावरणीय जोखिम उत्पादन गर्ने संरचना/उद्योगधन्दादेखि दूरीको आधारमा अन्यायको लेखाजोखा गर्छ । अध्ययनहरूले देखाएअनुसार समाजमा पिछडिएका समूहका जनताहरू नै वातावरणीय जोखिमयुक्त उद्योगधन्दा/क्षेत्रको निकटमा बसोबास गर्छन् । यसको उदाहरण पहाडी ग्रामीण क्षेत्रमा देख्न सकिन्छ । गरिब, शक्तिविहीन र पिछडिएका वर्ग विभिन्न आर्थिक, सामाजिक तथा राजनीतिक प्रकृयाको माध्यमबाट भू-क्षय/पहिरो वा अन्य वातावरणीय जोखिम बढी भएको क्षेत्रमा बस्न पुगेका हुन्छन्। तिनै सिमान्त क्षेत्रका बासिन्दा नै

जोखिमबाट उत्पन्न हुने प्रकोपबाट बढी पीडित हुन पुग्छन् भन्ने तथ्य विभिन्न अध्ययनहरूबाट पनि पुष्टि भएको छ (अधिकारी र बोहले सन् १९९९) । अर्को, जोखिममा आधारित तरिकाले दूरी/निकटताभन्दा पनि वातावरणीय जोखिम उत्पन्न गर्ने कारणहरूको लेखाजोखा गरेर अन्यायको विश्लेषण गर्छ। जस्तै, कुनै वातावरणीय जोखिम उत्पन्न हुनसक्ने क्षेत्रको जोखिमको स्तर, हानिकारक/घातक पदार्थ या रसायन उत्सर्जन हुनसक्ने सम्भावना, त्यससँग घुलमिल हुनसक्ने अवस्था, हावापानी आदिको माध्यमबाट वातावरणमा फैलिन सक्ने स्थितिको लेखाजोखा गर्छ (बुलार्ड सन् १९९४) । यो पनि भौगोलिक असमानताको एउटा पक्ष हो ।

## वातावरणीय न्यायको संरचना र वातावरणीय अधिकार

वातावरणीय न्यायले वातावरणीय सङ्कट आउनुभन्दा अगाडि नै त्यसबाट बच्ने उपायहरू खोज्छ र कसले, के, कति फाइदा पाउँछ भन्ने खालका प्रश्नको उत्तर खोज्छ (बुलार्ड सन् १९९४) । वातावरणीय न्यायको संरचनामा त्यस्ता सामाजिक आन्दोलन पनि पर्छन् जसले आवास, भू-उपभोग, औद्योगिक योजना, स्वास्थ्य, सरसफाइका कार्यक्रमभित्रका हानिकारक प्रयासहरू निर्मूल पार्न खोजेको हुन्छ। वातावरणीय न्यायले उठाउने मुख्य सवालहरूमा वातावरणीय विकास वा अन्य परियोजनाले कुन समूह प्रभावित भयो, तिनीहरू किन प्रभावित भए, कसको कारणले, समाधानको लागि के गर्न सकिन्छ, आदि प्रमुख छन् ।

वातावरणीय न्यायले यी सवालहरूको विश्लेषण र समाधान गर्न केही मान्यताहरू पनि राखेको छ–

- यसले सबै व्यक्तिहरूको वातावरणीय समस्याबाट सुरक्षित हुने अधिकारको सिद्धान्तलाई समाहित गर्दछ ।
- यसले वातावरणीय समस्यालाई पनि सार्वजनिक स्वास्थ्यको 'मोडल'मा हेर्न चाहन्छ। तसर्थ यसले समस्या समाधान गर्नेतर्फ भन्दा समस्या सृजना नै नहुने परिस्थिति निर्माणमा जोड दिन्छ ।
- यसले वातावरणीय समस्याले पारेको असरको सबुत-जिम्मा (burden of proof) समस्या सृजना गर्ने अथवा प्रदूषकलाई नै दिन्छ। अर्थात् आफ्नो कारणले समस्या उब्जेको हैन भन्ने प्रमाण प्रदूषक स्वयंले नै दिनुपर्छ ।
- यसले प्रदूषकको 'नियत'लाई भन्दा उसको प्रदूषणले पारेका समस्याको मूल्याङ्कन तथा तथ्यलाई ध्यान दिन्छ ।
- यसले असमानुपातिक असर हटाउन विशेष कार्यक्रम हुनुपर्छ भन्ने मान्यता राख्छ ।

वातावरणीय न्यायको आधारभूत मान्यता वातावरणीय ह्रासबाट जोगिन पाउने प्रत्येक व्यक्तिको अधिकार सुरक्षित बनाउनु हो । यसर्थ पनि मानव अधिकार र

वातावरणीय संरक्षण जोडिएका छन्, जुन पछिल्लो समयमा विश्वव्यापी रूपमा मान्यता पाएको तथ्य पनि हो । किनभने मानव अधिकार हनन् भएको क्षेत्र/देशमा वातावरणीय विनाश बढी हुन्छ । मानव अधिकार कमजोर भएको क्षेत्रमा नागरिक समाज वातावरणीय सरोकारलाई उठाउन/चर्चित बनाउन सक्षम हुँदैन । सङ्गठित हुने अधिकार, न्याय र सूचना माथिको पहुँच वा वाक्स्वतन्त्रता कुनै देशको वातावरणीय तथा मानव अधिकार आन्दोलनका अपरिहार्य अवस्था हुन् । यी वातावरणीय न्यायलाई सबल बनाउने कारक तत्व पनि हुन् । यसको लागि राज्यको भूमिका महत्वपूर्ण हुन्छ । वातावरणीय अन्याय प्रायः सरकारी वा निजी निकायका अनुपयुक्त गतिविधिबाट बढेको देखिन्छ । उदाहरणका लागि निजी उद्योग वा सरकारी कार्यक्रमबाटै स्थानीय बासिन्दा विस्थापित भएका हुन्छन्, तोकिएका प्रदूषण नियन्त्रणका उपायको कार्यान्वयन भएको हुँदैन, हानिकारक असरबारे प्रश्न उठाउने 'एक्टिभिस्ट'हरूलाई दबाउने काम हुन्छ । त्यस्तै विकसित देशले आफ्नो देशमा प्रतिबन्ध गरिएका रसायन/औषधी उत्पादन र निर्यात जारी राखेका छन् जसले आयात गर्ने क्षेत्र/देशमा गम्भीर स्वास्थ्य सङ्कट निम्त्याउन सक्ने देखिन्छ । राष्ट्रिय निकुञ्ज/आरक्षबाट आदिवासी/स्थानीय जनता पीडित बनेका छन् (यी सबै घटनाहरू यस पुस्तकको पछिल्ला खण्डका अध्यायहरूमा समेटिएका छन्) । उल्लिखित अन्यायपूर्ण स्थितिका उदाहरणले के प्रष्ट पार्छन् भने वातावरणीय न्यायको आन्दोलन र मानव अधिकारको आन्दोलन सँगसँगै जानुपर्छ (स्याक्स सन् १९९६) । यसबाट उत्पन्न हुने साझा प्रयास दरो हुन्छ किनभने मानव अधिकार हनन्को घटना धेरैजसो सामुदायिक वा क्षेत्रीयस्तरका वातावरण विनाशबाटै उब्जिएको देखिन्छ । त्यसबेला नागरिक अधिकार तथा राजनीतिक अधिकार सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरूको बाटो सजिलो बनाउने कार्यविधिगत अधिकार (procedural rights) बन्छ ।

अहिले वातावरणीय अधिकारको व्याख्या मानव अधिकारको रूपमा गरिन्छ । मानव जीवन सुधार्नु वातावरणीय संरक्षणको उद्देश्य हुने भएकोले पनि वातावरणीय अधिकार मानव अधिकारको अर्को पाटो हो भन्न सकिन्छ । वातावरण विनाशबाट कुण्ठित हुनसक्ने मानव अधिकारहरूमध्ये जीवनको अधिकार, स्वास्थ्यको अधिकार, गोपनीयताको अधिकार, काम गर्न उपयुक्त अवस्थाको अधिकार, उचित जीवनस्तरको अधिकार र राजनीतिक सहभागिता र सूचनाको अधिकार प्रमुख छन् । आधारभूत मानव अधिकारको सुनिश्चितताबाट वातावरणीय संरक्षण प्राप्त हुनसक्छ भन्ने तर्क पनि उत्तिकै बलियो छ ।

अधिकारहरूमध्ये सबभन्दा महत्वपूर्ण कार्यविधिगत अधिकारले कुनै पनि समुदायका सदस्यहरू आफ्नो भलाइलाई प्रभाव पार्ने निर्णयहरूमा सहभागी हुन पाउने अधिकारलाई जनाउँछ । विभिन्न आयोजनाहरू तयार पार्न, लागू गराउन र मूल्याङ्कन गर्न सरोकारको समुदायलाई संलग्न गराउनु वातावरणीय न्याय प्राप्त गर्ने एउटा महत्वपूर्ण उपाय हुन सक्छ । तर समुदायका सदस्यहरूको सूचनाको

अधिकार सुरक्षित नभएसम्म उनीहरूको सहभागिता अर्थपूर्ण रहँदैन । सरकार तथा विकास कार्यमा लागेकाहरूले योजनाको गतिविधिबाट पर्ने सकारात्मक र नकारात्मक असरहरू प्रकाशमा ल्याउनु पर्छ । धेरै अध्ययनहरूले देखाएको तथ्य के हो भने सहभागिता र सूचनाको आधारभूत अधिकार हनन् भएको स्थितिमा अन्यायपूर्ण अवस्था निर्माण भएको हुन्छ । सरकारी निकायले सही सूचना समयमै नदिएको कुरा पोखराको अध्ययनले पनि देखाएको छ (अधिकारी २०५९क) । पोखरामा स्थानीय बासिन्दालाई उनीहरूको क्षेत्रमा ल्याण्डफिल साइट राख्न सहमत गराउन नगरपालिकाले बनाउने ल्याण्डफिल साइट आधुनिक किसिमको र हानिकारक नभएको कुरा जनाएको थियो । वास्तवमा, कुनै हदसम्म भएपनि ल्याण्डफिल साइटले हानिकारक असर नपुऱ्याई छाड्दैन । पोखराको घटनामा ल्याण्डफिल साइटको 'डिजाइनर' स्वयंले ल्याण्डफिल साइट पूर्ण सुरक्षित नभएको र स्थानीय वातावरणमा हानि पुऱ्याउने कुरा टिप्पणी गरेका थिए । यसबाट प्रष्ट हुन्छ कि स्थानीय बासिन्दालाई पूरा र सही सूचना दिइँदैन र लाभहानिको नापजोख गरेर उचित निकास खोज्ने अवसर पनि दिइँदैन । पूरा र सही सूचना नदिएर स्थानीय बासिन्दालाई विकासे काम स्वीकार गर्न लगाइन्छ, अझ त्यसमा पनि नयाँ गतिविधिहरूमा 'आधुनिकता'को 'लेबल' लगाइन्छ । त्यो स्थितिमा सही र पूरापूर सूचना उपलब्ध गराउनु राज्यको पनि दायित्व रहन्छ ।

'वातावरणीय अधिकार'कै सन्दर्भमा थेरोन (सन् १९९७)ले उल्लेख गरेका चार किसिमका वातावरणीय अधिकारबारे छोटो चर्चा गर्नु उपयुक्त हुन्छ । ती हुन्:

- कार्यविधिगत अधिकार (procedural rights) जसमा सहभागिता र सूचनाको अधिकार पनि पर्छ
- भावी पुस्ताको लागि स्वच्छ वातावरणको अधिकार (right of the future generation for healthy environment, or intergenerational rights)
- मानव अधिकार (human rights) र
- पर्यावरण अधिकार (ecorights) अर्थात् वातावरणको आफ्नो अधिकार (right of the environment)

उनले वातावरणीय अधिकार व्याख्या गर्ने तीनवटा मुख्य सैद्धान्तिक आधार लिएका छन्-

***आत्मकेन्द्रित (egocentric)*** मानव जाति पर्यावरण प्रकृया वा वातावरणका प्रकृयाबाट अलग तर सर्वोच्चमा रहन्छ भन्ने दृष्टिकोण ।

***मानवकेन्द्रित (anthropocentric)*** मानव जाति वातावरणबाट अलग नभए पनि पर्यावरणमा उसको स्थान सर्वोच्च छ र उ वातावरणको संरक्षक हो । यस दृष्टिकोणमा मानवले नै पर्यावरणको नियन्त्रण गर्नुपर्छ भनिन्छ ।

***पर्यावरण केन्द्रित (ecocentric)*** **वा** ***गहन पर्यावरणीय सिद्धान्त (deep ecological philosophy)***[१] मानव जाति प्रकृतिको एउटा भाग मात्र हो । उसको प्रकृतिमाथिको अधिकार अन्य प्रजाति भन्दा फरक हुँदैन । उ प्रकृतिमा अन्य प्रजाति भन्दा न माथि हुन्छ न तल नै । पर्यावरण प्रणालीका सम्पूर्ण अवयवहरू (components) को आफ्नै भूमिका छ र प्रकृतिमा सबैको अधिकार समान हुन्छ ।

वास्तवमा वातावरणीय अधिकारको कार्यविधिगत पक्षलाई 'रियो घोषणा'ले समेत मान्यता दिएको थियो । कार्यविधिगत अधिकार सामूहिक अधिकार (collective rights) नभई प्रत्येक व्यक्तिको सूचना, निर्णय प्रकृया, सहभागिता र आवश्यक प्रशासनिक न्यायिक उपचारमा पहुँचलाई (access to justice) सुरक्षित बनाउने प्रकृयागत अधिकार हो ।[२] यसका दुईवटा पक्ष छन्: सारभूत पक्ष (substantive components) जसले कुनै निश्चित स्तरको वातावरणको अधिकार जनाउँछ; र अर्को प्रकृयागत पक्ष (procedural components) जसले आवश्यक स्रोतमाथिको पहुँच र वातावरणीय संरक्षणलाई सहज बनाउने प्रकृयाको अधिकारलाई जनाउँछ ।

वातावरणीय अधिकारहरू मध्ये स्वच्छ वातावरणको अधिकार महत्वपूर्ण हुन्छ किनभने यसले आउँदो पुस्ताको अधिकारलाई पनि महत्व दिन्छ । दिगो विकासको सिद्धान्त (जसले एउटै पुस्ताभित्र (intragenerational) र दुई पुस्ताबीच (inter-generational)को समन्यायलाई चिनाउँछ) वातावरण संरक्षणमा महत्वपूर्ण धारणा हो । अहिले यसले नैतिक/कानूनी मान्यता पाए पनि व्यवहारमा दिगो विकासको प्रयास कठिन हुन्छ किनभने आउँदो पुस्ता को हो र त्यसको हित कसरी संरक्षण हुन्छ भन्न गाह्रो हुन्छ ।

वातावरणीय न्यायमा सरल पहुँच पाउनु पनि वातावरणसँग सम्बन्धित एक आधारभूत अधिकार हो । स्थानीय स्तरका सङ्घ/संस्था/व्यक्ति/समुदायहरू वातावरणीय न्यायको पहुँच सुधार्न उपलब्ध कानूनी मार्गहरूबारे जानकार रहनुपर्छ । मानव

[१] नर्वेजियन दार्शनिक आर्ने नेस (Arne Naes) ले गहन पर्यावरण (deep ecology) को अवधारणा विकास गरेका हुन् । उनको विचारमा प्रचलित सम्पूर्ण वातावरणीय अवधारणाहरू सतही (shallow ecology) थिए । तर पछि मुर्रे बुक्चिन (Murry Bookchin) ले उत्तिकै गहन तर बढी मानवतावादी अवधारणा ल्याए जसलाई सामाजिक पर्यावरण (social ecology) भनियो । बुद्ध धर्म र चीनको ताओ (Tao) धर्म/विश्वास पनि गहन पर्यावरणसँग निकट मानिँदै आएको छ ।

[२] यी तीनवटा पहुँचहरू (सूचना, सहभागिता र न्याय प्रकृयामा) सर्वप्रथम सन् १९९२ को रियो घोषणा-पत्रको सिद्धान्त १० मा उल्लेख गरिएको थियो । त्यसअनुसार "वातावरणीय मुद्दाहरूलाई सम्पूर्ण नागरिकहरूको उपयुक्त स्तरको सहभागितामा मात्रै उचित निकास दिन सकिन्छ । राष्ट्रिय स्तरमा अधिकारप्राप्त निकायले प्रत्येक व्यक्तिलाई वातावरणसँग सम्बन्धित सूचना दिलाउनुपर्छ । जस्तै फ्याँकिने फोहरमैला वा हानिकारक वस्तुहरू, सामुदायिक गतिविधि तथा निर्णय प्रकृयाबारे जानकारी । राज्यले सूचना प्राप्तिलाई फराकिलो पारेर सार्वजनिक सचेतना र सहभागितालाई सहज बनाई प्रोत्साहन दिनुपर्छ । जनतालाई न्यायिक तथा प्रशासनिक प्रकृयाहरूसम्म प्रभावकारी पहुँच प्रदान गरेर मात्र वातावरणीय मुद्दाको समाधान गर्नुपर्छ ।" यसरी यी तीन पहुँचहरूको मान्यता विश्वव्यापी रुपमा समन्यायिक र वातावरणमैत्री निर्णय प्रकृया अर्थात् वातावरणीय न्यायको आधार मान्न सकिन्छ ।

अधिकारको आन्दोलनलाई वातावरणीय न्यायको अभियानसँग जोड्नुको मुख्य उद्देश्य पनि मानव अधिकार संरक्षणमा उपलब्ध कानूनी व्यवस्थाहरूलाई उपयोग गरेर वातावरणीय अधिकार सुरक्षित बनाउनु हो। वातावरणीय अधिकार सुरक्षित बनाउने तरिका वातावरणीय निर्णय प्रकृयामा जनसहभागिताको स्तर सुधार्नु हो।

वातावरणीय न्यायको पहुँच बढाउन वातावरणका प्रचलित कानूनी प्रावधान-बारे जनचेतनाको सुधार, प्रभावकारी र सरल पूर्वसूचना/सार्वजनिक सुनुवाइ, सरकारी/अधिकारप्राप्त निकायप्रतिको असन्तोषको उजुरी गर्न पाउने व्यवस्था (provision of an environmental ombudsman) तथा सूचनामाथि सरल पहुँच जस्ता अवस्थाहरू सहायक हुन्छन्। वातावरणीय समस्याको कानूनी उपचार सहज र सरल हुनुपर्छ किनभने ती समस्याहरू व्यक्तिगत नभई सार्वजनिक समस्या हुन्। सहभागितात्मक र संवादमूलक प्रजातान्त्रिक व्यवस्थाले नै निर्णय गर्ने निकायसँग नागरिकहरूले सूचित सहभागिता बढाउँछन्, जुन वातावरणीय निर्णय प्रकृयाको लागि पनि प्रभावकारी हुन्छ।

नेपालमा २०४७ सालको संविधान लागू भएपछि वातावरणीय सरोकारले ठोस रूपमा कानूनी मान्यता पाएको देखिन्छ। त्यसबाहेक *वातावरण संरक्षण ऐन (२०५२)* र *वातावरण संरक्षण नियमावली (२०५३)* सहित अन्य ऐन/कानूनले वातावरण संरक्षणलाई महत्व दिएका छन् (यसबारे खण्ड १० मा चर्चा गरिएको छ)। वातावरण-लाई सार्वजनिक सरोकारको विषयको रूपमा मान्यता दिइनु र *नेपाल अधिराज्यको संविधान २०४७* को धारा ८८(२) मा सार्वजनिक सरोकारको मुद्दाको व्यवस्था हुनुले पनि वातावरणीय मुद्दाहरूको उपचारलाई समेटेको छ (उपाध्याय २०५५)। यसको लागि धारा २३, ८८(१) र ८८(२) को प्रयोग गर्न सकिन्छ। यसबाहेक धारा ६४ मा वातावरण र प्राकृतिक स्रोतसँग सम्बन्धित विषयको छानबिनको लागि प्रतिनिधि सभाको सार्वजनिक समिति बन्ने व्यवस्था छ जसले प्रदूषणका विभिन्न मुद्दाहरूलाई छानबिन गरेको छ।

संविधानमा मौलिक अधिकारहरू पनि सुरक्षित गरिएको छ। जस्तै धारा ११, १२(१) १२(२)(ङ) तथा २६(४) हरू वातावरण संरक्षणको लागि प्रयोग गर्न सकिन्छ। धारा ११ (१) र १२ ले निर्धारण गरेको जीवनको सुरक्षाको मौलिक अधिकारको व्यवस्थालाई पनि वातावरण संरक्षणको लागि प्रयोग गर्न सकिन्छ र गरिएको छ।

## वातावरणीय न्यायः दिगो जीविकोपार्जनको सुरक्षामाथि जोड

नेपालको ग्रामीण परिवेशमा प्राकृतिक स्रोत जीविकोपार्जनसँग सम्बन्धित छ। यो कुरा विभिन्न अध्ययन र यस पुस्तकका पछिल्ला अध्यायहरूले पनि प्रष्ट पार्छन्। केही समूहहरूले वातावरण विनाशको ठूलो मूल्य चुकाउनु परे पनि उनीहरू स्रोतबाट प्राप्त फाइदाको वितरणबाट भने वञ्चित बनाइएका छन्। यसले ती समूहको जीविकोपार्जनलाई अझ कठिन बनाएको छ। राज्यको भूमिकामा देखिएका समस्या

सुधार गर्ने उपायहरू दह्रो छैनन् । सुधारका प्रयास सतही मात्र छन् । राज्यले सामाजिक, राजनीतिक स्थितिलाई वातावरणीय न्यायको अनुकूल बनाउने प्रयास गरेको देखिँदैन । कानूनका ठेली/कागजमा राम्रा कानूनी व्यवस्थाहरू छन् तर व्यवहारमा धेरैजसो कानूनको कार्यान्वयनले भने वातावरणीय न्यायको आधारभूत मान्यतालाई पनि स्वीकारेको देखिँदैन । राज्यले सही सूचना र ज्ञान दिनुपर्ने, सूचनाको अधिकार-लगायत सहभागिताको अधिकार, निर्णय प्रकृया र न्याय प्रणालीमा पहुँच र अन्य नागरिक/राजनीतिक तथा मानवीय अधिकारहरू वातावरणीय न्यायका न्यूनतम शर्तहरू हुन्। भैरहेका अन्यायले दलित/महिला र पछाडि पारिएका वर्गको जीविकालाई नराम्ररी प्रभाव पारेको छ। यद्यपि २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना भएपछि स्रोत र न्यायमाथि पहुँच नपाएमा विरोध व्यक्त गर्ने स्थान सुरक्षित भएको छ जसले केही समूहहरूको स्रोतमा पहुँच बढाउन सघाएको छ । त्यो अवस्थामा वातावरणीय न्यायको स्थिति सुध्रिएको त छ तर अझै पनि परिवार/समुदायमा वितरण न्यायलाई हानि पुऱ्याउने आर्थिक-सामाजिक संरचना र सांस्कृतिक प्रचलन हाम्रो समाजमा विद्यमान छन् ।

जीविकोपार्जनलाई सुरक्षित बनाउने स्थानीय स्तरका विभिन्न आन्दोलनहरू नै वातावरणीय न्यायका आन्दोलन हुन्। यसलाई लोकप्रिय वातावरणवाद वा गरिबहरूको वातावरणवाद पनि भन्न सकिन्छ। वातावरणीय न्यायको स्थिति सामाजिक न्याय सहितको वातावरण संरक्षणबाट मात्र प्राप्त हुन्छ भनेर विभिन्न अध्ययनहरूमा व्यक्त भएको छ। यो दृष्टिकोणबाट पनि स्रोत तथा प्रकृतिको संरक्षणको मुख्य सरोकार जीविकोपार्जनको लागि प्रकृतिमा निर्भर रहने गरिब पिछडिएका वर्गलाई नै बनाइनुपर्छ। यो तर्क गरिब वर्गले वातावरणको विनाश गर्छन् भन्ने मान्यताको ठीक उल्टो छ। ♦

# ४

# गरिबी र वातावरण

## जगन्नाथ अधिकारी र शरद घिमिरे

गरिबी र वातावरणको सम्बन्धबारे विभिन्न सिद्धान्तहरू स्थापित भए पनि वातावरण संरक्षण गरेर गरिबी निवारणमा सहयोग पुग्छ भन्ने मान्यता हालै मात्र विकास भएको हो । पहिले गरिबीको कारणले गर्दा स्रोत संरक्षण हुँदैन भन्ने तर्क स्थापित गर्न केही भ्रमपूर्ण मान्यताहरू (myth) सृजना गरिएका थिए (यसबारे दोस्रो खण्डको दोस्रो लेखमा पनि चर्चा गरिएको छ) । तिनैमध्येको एउटा 'गरिबहरूको दीर्घकालीन योजना र सोच नहुने भएकोले उनीहरूले आफ्नो तत्कालको आवश्यकता पूरा गर्न वातावरण विनाश गरेर छाड्छन्' भन्ने थियो । अर्को भ्रम 'गरिबहरूले वातावरणमा गर्ने विनाश क्षणिक हुन्छ र यो विनाश आर्थिक उन्नति गर्ने क्रममा भएको हुन्छ' भन्ने थियो । अर्थात्, उनीहरूको आर्थिक स्थिति राम्रो भएमा वातावरण संरक्षण आफैं हुन्छ । यी दुई मान्यता वा भ्रमले गर्दा वातावरण संरक्षणलाई गरिबी निवारणबाट अलग रूपमा हेरिन्थ्यो ।

माथिका दुई मान्यताले गरिबी र वातावरणको सम्बन्ध सधैँ विनाशको लागि सहायक हुन्छ अर्थात् 'क्रमिक रूपमा बिग्रँदै जाने दुश्चक्रको गाँठो' भनेका छन् । यी मान्यताअनुसार गरिबहरू आफ्नो प्राकृतिक वातावरण संरक्षणमा खर्च गर्न नसक्ने हुनाले वातावरणको विनाश गर्दै जान्छन् । जस्तैः माटोको अवैज्ञानिक उपभोगबाट उर्वराशक्ति घट्दै जानु, सङ्कटमा परेका पशुपंक्षीको पनि शिकार गरिनु, रूख/वनस्पति जथाभावी काटिनु, अत्यधिक पशुपालन गरेर चरन क्षेत्रहरू नाङ्गो बनाइनु आदि गरिबकै कारणबाट हुने विनाशका घटना हुन् । तर अहिले धेरै अध्ययनहरूले के देखाएका छन् भने गरिब जनता तथा उनीहरूका गतिविधि पनि वातावरण संरक्षणका उपायहरूका महत्वपूर्ण स्रोत हुनसक्छन् । उदाहरणका लागि गरिब जनताको माटो व्यवस्थापनको विधि स्थानीय वातावरण सुहाँउदो हुन्छ, उनीहरूको वन्य उत्पादन लिने परम्परागत तरिकामा वनलाई कुनै हानि गरिँदैन, उनीहरूका ज्ञान/प्रयासहरू नौला हुन्छन् जसलाई निरन्तर प्रयोग गर्ने र देखापर्ने गल्ती/कमजोरी सच्याउने (trial and error) प्रकृयाबाट सुधार्दै लगेका हुन्छन् । वातावरण व्यवस्थापनका स्थानीय प्रयासहरूमा

भएको विविधता नै स्रोतहरूको दिगो व्यवस्थापनसम्बन्धी जानकारीका स्रोत हुन् । तसर्थ गरिब र गरिबी भनेको वातावरण समस्या उत्पादन गर्ने कारक नभई समाधानका स्रोत हुन् भन्न सकिन्छ ।

संसारभरि, चाहे विकसित समाज होस् या अविकसित, गरिब वर्ग वातावरणको विनाशबाट पीडित बनाइएका हुन्छन् । प्रदूषणबाट सृजना हुने रोग र मृत्युको डरलाग्दो जोखिम गरिब वर्गको भागमा पर्छ र प्राकृतिक संसारमा आउने उथलपुथल वा जोखिमबाट पनि उनीहरू नै शिकार हुन्छन् । शहरको अति प्रदूषित क्षेत्रमा गरिबहरू नै बस्छन् । कल-कारखानाबाट निस्केको वा अन्य क्षेत्रको फोहरमैला उनीहरूकै बस्तीको निकट फालिन्छ । वन विनाश, खडेरी वा मरुभूमिकरणबाट उनीहरू बढ्ता पीडित बन्छन् । त्यतिमात्र नभई अहिलेको विश्वव्यापी वातावरणीय समस्या (पृथ्वी तात्ने प्रकृया, ओजोन तहको विनाश र हावापानीको परिवर्तन)बाट पनि गरिब वर्ग र समुदाय नै बढी प्रभावित हुन्छन् । यद्यपि, गरिबहरूको आफू बढ्ता प्रभावित हुने प्रदूषण वा हावापानी परिवर्तन जस्ता वातावरणीय विनाश प्रकृयामा खास योगदान रहेको हुँदैन; प्रदूषण तथा जलवायु परिवर्तननिम्ति धनी वर्ग/क्षेत्र/समाज/देश बढी जिम्मेदार हुन्छन् । कमजोर र भू-क्षयबाट प्रभावित हुनसक्ने क्षेत्रमा बसोबास/खेतीपाती गर्नुपर्ने बाध्यतामा रहेका गरिब वर्ग वातावरण विनाशको कारक बनेका छन् भन्ने तर्क सही होइन । वास्तवमा उनीहरूलाई या त गरिबीको फाइदा उठाएर धनी वर्गकै कारणले त्यसो गर्न लगाइएको हुन्छ या जीविकाको आधार जस्तै भू-क्षेत्र, जग्गाजमिनको असमान वितरणबाट पीडित बनाइएको हुन्छ । उनीहरू त वातावरण विनाशका असर धारण गर्ने निकाय मात्र बनेका छन् । यही कारणले गरिब आफ्नो जीविकाको आधार (प्राकृतिक स्रोत)को विनाश र गरिबीको नराम्रो चक्रमा फँसिरहन्छन् र गरिबी अझ विकराल हुँदै जान्छ । बढ्दो सम्पन्नताले पनि उपभोगवादी संस्कारको विकास गर्छ र प्राकृतिक स्रोतको ह्रास नै निम्त्याउँछ । तसर्थ विश्वमा बढ्दो सम्पन्नता र विपन्नता दुवैले पृथ्वीको वातावरणीय सन्तुलन बिगारेका हुन्छन् भनिए पनि विनाशको मुख्य कारण धनी वर्ग/समुदाय/देश नै हुन् ।

वास्तवमा समतामूलक समाज वातावरणीय हिसाबले दिगो हुन्छ र दिगो समाज समतामूलक हुन्छ । वातावरणीय न्यायको आदर्श स्थिति पनि यही हो । त्यसैले अहिले वातावरण बिग्रनु र संरक्षणको राम्रो प्रबन्ध नहुनुको कारण मुख्यतः वातावरणीय अन्यायलाई मानिन्छ । वातावरणीय अन्यायले गरिब तथा शक्तिविहीनहरूलाई वातावरणीय ह्रास तथा स्वास्थ्यसम्बन्धी जोखिममा पुऱ्याउँछ । यस्तो वातावरणीय अन्याय सृजना गर्नमा मुख्यतः तलका कारणहरू जिम्मेवार छन् ।

- सरकारी, निजी व्यापारिक समूहको गरिबहरूप्रति प्रत्यक्ष वा अप्रत्यक्ष पक्षपातपूर्ण व्यवहार ।
- कानूनी र न्यायिक प्रकृयामा गरिबहरूको पहुँचमा अनेक प्रकारका अवरोध ।

- गरिबहरू निर्णय-प्रकृयामा भाग लिन नसक्ने/नदिइने ।

वातावरणीय न्याय मानव जीवनको जोखिम कम गर्ने र वातावरण संरक्षण गर्ने एउटा राम्रो अवधारणारूपी साधन मानिन्छ । जोखिममा रहेका समुदायको हितमा ध्यान दिनु वातावरणीय न्यायको मुख्य सिद्धान्त हो । यसअन्तर्गतः

- सबै व्यक्तिको सफा, सुरक्षित र स्वस्थ वातावरणको अधिकार हुन्छ ।
- सबै व्यक्तिको आफ्नो स्रोतको प्रबन्ध गर्ने अधिकार हुन्छ ।
- समाजमा सबैभन्दा जोखिममा भएका व्यक्ति, खासगरी गरिबभन्दा गरिबलाई असमानुपातिक रूपमा वातावरणीय प्रदूषणको नकारात्मक असर थोपरिनु हुँदैन ।

वातावरणको संरक्षण र व्यवस्थापन गर्ने प्रकृयामा कुन व्यक्ति/समूह/क्षेत्रलाई मौका दिइन्छ र स्रोतहरूको फाइदा/पहुँच कसरी वितरण हुन्छ भन्ने पक्षलाई वातावरणीय न्यायको मुख्य मुद्दा मानिन्छ । वातावरण व्यवस्थापन प्रकृयाले कसरी निर्णय र कार्यक्रमहरू कार्यान्वयन हुन्छन्, स्रोतहरू कसरी विकास हुन्छन् र वितरण गरिन्छन् भन्ने कुरालाई निर्धारण गर्दछ । तर त्यस्तो व्यवस्थापनबाट पीडित हुनसक्ने समूह/व्यक्तिलाई निर्णय गर्ने प्रकृयामा सहभागी गराइँदैन । गरिब, पिछडिएका, शक्तिविहीन समाजको जोखिम हटाउन दूरगामी, न्यायपूर्ण र सशक्त रूपमा वातावरणीय स्रोत व्यवस्थापन गर्नु वातावरणीय न्यायको मुख्य उद्देश्य हुनुपर्दछ । व्यवहारमा त्यस्तो कसरी गर्न सकिन्छ भन्नेबारे अध्ययन तथा बहस हुन जरुरी छ । वातावरणीय न्यायमा मानिसको नागरिक र राजनीतिक सहन-क्षमता बढाएर उनीहरूको स्वच्छ वातावरण र व्यवस्थापनमा अधिकार र जिम्मेवारीलाई संरक्षण गर्ने तरिकाहरू समाहित छन् । यस्ता साधन/तरिकाहरूमा पर्दछन्–

- सूचनामाथि पहुँच[१]
- सहभागितामाथि पहुँच[२]
- न्यायमा पहुँच[३]

[१] यसले नागरिकलाई सूचित बनाई व्यक्तिगत छनोट गर्न सबल बनाउँछ, उद्योगधन्दा र सरकारी निकायलाई वातवारण स्वच्छता कायम गर्न लगाउँछ । उदाहरणको लागि खानको लागि वितरण गरिएको पानी सुरक्षित छ-छैन भन्ने कुराको जानकारी बासिन्दाले पाउनु आवश्यक छ किनभने यस्तो सार्वजनिक जानकारीले खानेपानी दूषित भएमा प्रदूषण नियन्त्रण गराउन एक किसिमको दबाब सृजना गर्छ ।

[२] यो वातावरणलाई प्रभाव पार्ने सार्वजनिक नीति निर्माणमा नागरिकको सरोकार र ज्ञानलाई एकीकृत पार्ने उपाय हो । जनताको तर्फबाट आएका विचार/सरोकारलाई समेटेको निर्णय नै अरूभन्दा बढी प्रभावकारी र दिगो हुन्छ ।

[३] प्रत्येक व्यक्ति या सार्वजनिक सरोकारका संस्था आफ्नो हितअनुकूल नभएको निर्णयलाई चुनौती दिनका लागि न्यायमा पहुँच आवश्यक हुन्छ ।

तर विभिन्न व्यवधानहरू खडा गरेर यी अधिकारहरूबाट गरिब, कमजोर तथा शक्तिविहीनहरूलाई वञ्चित गरिन्छ जसले गर्दा वातावरणीय अन्याय सृजना हुन्छ र उनीहरूको जीविकाको जोखिम बढ्छ । तसर्थ गरिब परिवारहरूलाई माथिका अधिकारहरू प्रदान गरेर, उनीहरूलाई स्रोतको बढी अंश व्यवस्थापन गर्न लगाएर तथा यसको फाइदा प्रदान गरी अन्य उत्प्रेरणाहरू दिएमा वातावरण संरक्षण हुनुको साथै गरिबी निवारणमा पनि सहयोग पुग्दछ । ♦